# अपांङ्गता भएका बालबालिकाहरूको शिक्षाका लागि राज्यले गरेका प्रयासहरु

शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह द्वितीय वर्ष पाठ्यक्रम तथा मूल्यांङ्कन
मूल बिषयको आंशिक आवश्यकतापूरा गर्नको लागि तयार
पारिएको शोध-प्रतिवेदन

शोधकर्ता
बालाराम खड्का
परिक्षा रोल नं.२८०००६/०६६
त्रि.वि.वि.दर्ता नं.१९००५-९०

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
पाठयक्रम तथा मूल्यांङ्कन शिक्षण विभाग
कीर्तिपुर,काठमाडौं
२०७०

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
पाठ्यक्रम तथा मुल्याङ्कन विभाग  विभाग
कीतिपूर

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कीर्तिपुर, काठमाण्डौ पाठ्यक्रम तथा मुल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्धितिय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषय अर्न्गातको आंशिक आवश्यकता पूरा गर्नका लागि छात्र बालानन्द खड्काले शोध-प्रतिवेदन शीर्षक **अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाको लागि राज्यले गरेको प्रयासहरु** मेरो निर्देशनमा रही शोध प्रतिवेदन तयार पार्नुभएको हो । उहाँको यस शोध प्रतिवेदन लेखनप्रति म पूर्ण रुपमा सन्तुष्ट भएकोले आवश्यक मौखिक अन्तरवार्ताको लागि सिफारिस गर्दछु ।

सुपरीवेक्षक

..............................

उप.प्रा.शिवराज बढू

मितिः  २०७०। ०६। १३

२९ सेप्टेम्बर, 2013

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
पाठ्यक्रम तथा मुल्यांङ्कन विभाग
कीर्तिपुर

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्याय, शिक्षाशास्त्र संकाय, कीर्तिपुर, काठमाण्डौं पाठ्यक्रम तथा मुल्यांङ्कन विभाग अन्तरगत स्नातकोत्तर तह द्धितिय वर्षको लागि शिक्षा विषयको पाठ्यक्रम अनुरुप शिक्षा शोध पाठ्यांशका निमित्त छात्र बालाराम खड्काले **अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाको लागि राज्यले गरेका प्रयासहरु** शीर्षकमा तयार पार्नुभएको यो शोध प्रतिवेदन मुल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

<u>मुल्यांङ्कन समितिः</u>

स्वयंप्रकाश ज.ब.रा ....................
विभागीय प्रमुख
पाठ्यक्रम तथा मुल्यांङ्कन विभाग

प्रा. कुल नरसिंह श्रेष्ठ .......................
बाह्य परीक्षक

उप.प्रा.शिवराज बढु ........................
सुपरीवेक्षक

मितिः २९ सेप्टेम्बर, 2013

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मुल्यांङ्न विशिष्टिकरण विषयको शोधपत्र (ED. ५९८) को आंशिक आवश्यकता परिपूर्ति गर्न यो शोधपत्र तयार गर्ने अवसर प्रदान गरिदिएकोमा सर्वप्रथम पाठ्यक्रम तथा मुल्यांङ्न विभागप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शिक्षा मानव जिवनको ज्योति हो । शिक्षा विनाको जीवन आफैमा पूर्ण हुन सक्दैन । नेपाल सरकारले शिक्षामा प्रशास्त मात्रामा लगानी गरेपनि सबै वर्ग र क्षेत्रका मानिसहरुले यस बाट फाइदा लिन सकिराखेको अवस्था भने छैन् । शिक्षामा अपाङ्गता भएका व्यक्तिहरुलाई पूर्णतया निःशुल्क भनियता पनि किताब, कापी लगायतका शैक्षिक सामाग्री किन्न समेत नसक्ने व्यक्तिको लागि शिक्षाको अवसर सहज रुपमा उपलब्ध हुन सकिराखेको छैन । यसै परिप्रेक्षमा रहेर मैले "अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाको लागि राज्यले गरेको प्रयासहरु" शोधतयार पारेको छु । यसमा अपाङ्गता भएका बालबालिकाहरुलाई राज्यले अझै पनि उपयुक्त किसिमको शैक्षिक वातावरण तय गर्न सकिराखेको छैन् । अझै पनि शैक्षिक संस्थाहरु अपांग मैत्री नहुनाले शिक्षाको अवसर कमैले पाएको र पाएकाहरु मध्ये पनि कतिपयले सजिलै विद्यालय शिक्षा पूरा नहुँदै विद्य

ालय छोड्ने गरको कुरा मेरो अध्ययन बाट जानकारी हुन आएको छ ।

यस शोधपत्र तयार गर्नमा आवश्यक मार्गदर्शन र सहयोग प्रदान गर्नुहुने आदरणीय गुरु शिवराज बढु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै अध्ययनका क्रममा आवश्यक सल्लाह र सुझाव प्रदान गरी अध्ययनलाई सरल पार्नको लागि सहयोग गर्ने पाठ्यक्रम तथा मुल्याङ्कन विभागका सम्पूर्ण गुरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै मलाई उच्च शिक्षा हाँसिल गरी यस शोधकार्यसम्म पुग्न सदैव सहयोग र हौसला प्रदान गर्नुहुने मेरो परिवार, छरछिमेक, नातागोता, साथीहरुप्रति सदैव कृतज्ञ छु ।

यस शोधपत्र तयारी गर्ने क्रममा आवश्यक सूचना उपलब्ध गराएर सहयोग गरिदिनुहुने विद्यालयका प्र.अ., शिक्षक र विद्यार्थीहरु सवैलाई धन्यबाद दिन चाहान्छु । त्यसैगरि शोधपत्र तयारीमा क्रममा आवश्यक सल्लाह र सुझाव दिने आत्मिय मित्रहरु सबैमा धन्यबाद दिन चाहान्छु ।

अन्त्यमा शोधपत्रलाई कम्प्युर सेटीङ्ग गरी सहयोग पुऱ्याउनुहुने युनिभर्सल कम्युनिकेशनका निर्देशक कृष्ण कंडेललाई धन्यबाद दिन चाहान्छु ।

बालाराम खड्का

# शोधसार

प्रस्तुत अध्ययन अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाको लागि राज्यले गरेको प्रयासहरु शिर्षक अन्तर्गत काठमाण्डौं जिल्ला जोरपाटी गा.वि.स. मा रहेका सामुदायिक विद्यालयहरु मध्ये खगेन्द्र नवजिवन विशेष शिक्षा मा.वि.लाई नमुनाको रुपमा लिइएको छ । जहाँ पूर्णतया अपाङ्गता भएका बालबालिकाहरु अध्ययन गर्दछन् । प्रस्तुत अध्ययनले अपाङ्गता भएका बालबालिकाहरुलाई अपाङ्मैत्री भौतिक संरचना नहुनाले शिक्षा प्राप्त गर्न कठिनाई हुने गरेको बताउँछ । यद्यपी अध्ययन गरिएको विद्यालय अपाङ्गमैत्री विद्यालय हो । यसैगरि यस विद्यालयमा विद्यार्थीहरुको लागि प्रयाप्त मात्रामा अपाङ्गमैत्री शैक्षिक सामाग्री प्रर्याप्त नभएको, अपाङ्गता मैत्री धारा, शैचालय, खेलमैदान, प्र.अ.को कार्यकक्ष रहेको पाइयो । यसैगरि अपाङ्गता सम्बन्धि शैक्षिक नीति, नियमको अध्ययन बाट अझै प्रयाप्त मात्रामा शैक्षिक नीति नियम अपाङ्गता अनुकुल नरहेको पाईयो केबल शिक्षामा सरकारी विद्यालयहरुमा अपाङ्गहरुलाई निःशुल्क  भनेपनि त्रिभुवन विश्व विद्यालयले प्रमाणपत्र तह हटाएपछि सो तहको अध्ययन अब उच्च मा.वि.मा हुने भयो तर उच्च मा.वि.ले अपाङ्गता भएका व्यक्तिहरुलाई अध्ययनमा हौसला प्रदान नगरेको देखियो । अन्तराष्ट्रिय सन्धी, संझौतामा उल्लेखित प्रावधानहरु घरेलु कानुनमा समेटिन नसकेको देखिन्छ  । जस्तो अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धी, २००६ मा नेपालले सन् २००८ मा हस्ताक्षर गरेपनि यसका सबै प्रावधानलाई व्यवहारमा लागु गर्न नसकेको देखिन्छ । विद्यालयहरुमा अपाङ्मैत्री पाठ्य सामाग्रीहरु (Audio, Visual, Brail )को उपलब्धता नहुने अपाङ्गता भएका बालबालिकाहरुले पढ्ने विद्यालयकामा यस्तो अवस्था छ भने अनेत्र कस्तो अवस्था होला सहजै अनुमान गर्न सकिन्छ ।

अतः समग्रमा यो अध्ययनले अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा राज्यले गरेका प्रयासहरु स्नरानिय हुँदाहुँदै पनि व्यवहारमा नीति अनुसारको कार्यान्वयन हुन सकेको देखिदैन । भौतिक संरचना बनाउदा अपाङ्गता अनुकुल बनाउने, अपाङ्गता भएका बालबालिकाहरुको लागि शिक्षा मात्र निःशुल्क भनेर मात्र हुँदैन त्यसका लागि प्रोत्साहन स्वरुप शैक्षिक छात्रबृद्धि, पुरस्कार लगायतका अन्य सुविधाहरु पनि उपलब्ध गराउनु पर्ने देखिन्छ ।

# विषयसूची

पृष्ठ

सिफारिसपत्र I

स्विकृति पत्र II

कृतज्ञता ज्ञापन III

शोधसार IV

तालिकासूची V

**परिच्छेद एक : परिचय १-४**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको औचित्य ३

१.५ अध्ययनको सीमा ४

**परिच्छेद दुईः सम्बन्धित साहित्यको समिक्षा ५-१८**

२.१ अन्तराष्ट्रिय स्थरमा कानुनी व्यवस्थाहरु ५

२.२ अपाङ्गताको परिभाषा ११

२.३ अवधारणात्मक ढाँचा १८

**परिच्छेद तीनः अध्ययन विधि १९-२०**

३.१ अध्ययनको ढाँचा १९

३.२ नमुना छनौट १९

३.३ अध्ययनका साधनहरु १९

३.४ नमुना संकलन प्रक्रिया २०

३.५ सूचना विश्लेषण प्रक्रिया २०

**परिच्छेद चार : सूचनाको विश्लेषण तथा व्याख्या** **२१-३९**

४.१ अपाङ्ग सम्बन्धि नीतिगत प्रावधानहरु २१

४.१.१ अपाङ्ग बालबालिहरुको शिक्षामा पहुँचको अवस्था २२

४.१.२ अपाङ्गता सम्बन्धी राष्ट्रिय कानुनी प्रावधानहरु २३

क) नेपालको अन्तरिम संविधान, २०६३ मा अपाङ्गताको विषयमा रहेका संवैधानिक प्रावधानहरु २३

ख) शिक्षा ऐन, २०२८ (सातौं संशोधन) मा रहेको व्यवस्था २५

४.१.३ नीति सम्बन्धि विद्यार्थीहरुको प्रतिक्रिया २७

४.१.४ नीतिगत सबल र कमजोर पक्षहरु २९

४.१.५ अपाङ्गता सम्बन्धि नीतिमा सुधार गर्नुपर्ने पक्षहरु ३०

४.२ भौतिक पुर्वाधारको अवस्था ३१

४.२.१ विद्यालयको भौतिक पुर्वाधार सम्बन्धि प्रतिक्रिया ३२

४.२.२ सुधार गर्नुपर्ने कुराहरु ३३

४.३ राज्यले प्रदान गरेका सुविधाहरु ३४

४.३.१ सुविधा सम्बन्धि प्रतिक्रियाहरु ३५

४.३.२ सुधार गर्नुपर्ने पक्षहरु ३७

**परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष तथा सुझावहरु** **४०-४४**

५.१ प्राप्ति ४०

५.२ निष्कर्ष ४२

५.३ सुझावहरु ४३

**सन्दर्भग्रन्थसूची**

**अनुसुची**

# अनुसूची


| क.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. अनुसूची १ | विद्यार्थीहरुको लागि प्रश्नावली | ४६ |
| २. अनुसूची २ | गैर संस्थाका प्रतिनिधिहरुको लागि | ४७ |
| ३. अनुसूची ३ | लच्छित समुहका लागि तयार पारिएको | ४८ |
| ४. अनुसूची ४ | विद्यालय अवलोकन फारम | ४९ |

# तालिकासूची


| क्र.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| तालिका नं. १. | विभिन्न अध्ययनबाट प्राप्त अपांङ्गता भएका व्यक्तिहरुको तथ्यांङ्क | १७ |
| तालिका नं. २. | अपाङ्ग नीतिको जानकारी बारे विद्यार्थीहरुको प्रतिक्रिया | २८ |
| तलिका नं. ३. | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघिय महासंन्धी, CRPD बारे जानकारी | २८ |
| तालिका नं.४. | अपाङ्गता सम्बन्धी नीतिका सबल र कमजोर पक्षहरु | २९ |
| तालिका नं. ५ | विद्यालयको प्रकारको बारेमा विद्यार्थीको प्रतिक्रिया | ३२ |
| तालिका नं. ६ | भौतिक संरचनाको बारेमा विद्यार्थीको प्रतिक्रिया | ३२ |
| तालिका नं. ७ | शिक्षामा पहुँच बढाउने बारेमा विद्यार्थीको धारणा | ३३ |
| तालिका नं. ८ | राज्यले प्रदान गरेका सुविधाहरु | ३५ |
| तालिका नं. ९ | अध्ययन विचमा छाड्ने कारण बारे विद्यार्थीहरुको प्रतिक्रिया | ३६ |
| तालिका नं.१० | शिक्षामा आकर्षण गर्नका लागि प्रदान गर्नुपर्ने सुविधाहरु बारे विद्यार्थीको प्रतिक्रिया | ३७ |
| तालिका नं.११ | अपाङ्ग सेवा राष्ट्रिय नीति, २०५४ तथा कार्ययोजना, २०६३ ले औल्याइएका विषयहरु | ३८ |

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्य अर्थमा शिक्षा भनेको कुनै कुरा सिक्नु, अध्ययन गर्नु वा ज्ञान आर्जन गर्नु भन्ने बुझिन्छ । यसका लागि घरपरिवार, विद्यालय, विश्वविद्यालय लगायत विभिन्न स्थान र अनुभवबाट शिक्षा आर्जन बाट शिक्षा आर्जन गर्न सकिन्छ । सूचना तथा संचारमा भएको अद्भुत पूर्ण विकासले सम्पूर्ण विश्वलाई एउटा सानो गाउँमा सिमित तुल्याएको छ । जति जति विश्व विकास र समुन्नतिमा अगाडि बढ्दै जान्छ । त्यहि रफ्तारमा धनी र गरिब, सम्पन्न र विपन्नताको दुरी झन-झन फराकिलो हुँदै जान्छ । त्यसमा पनि महिला, सिमान्तकृत वर्ग, पिछडिएको क्षेत्र र अपाङ्गता भएका व्यक्तिहरुको अवस्थालाई सम्बोधन गर्नु प्रत्येक राज्यको कर्तव्य हो । यसै सन्दर्भमा एसिया प्रशान्त क्षेत्रमा विवाको सहश्राब्दी कार्ययोजना, २००२ को कार्यान्वयन ढाँचाको प्राथमिक क्षेत्रभित्र तोकिएको लक्ष्य अनुसार सन २०१५ सम्ममा शत प्रतिशत बालबालिकाहरुले प्राथमिक शिक्षा पाउनु पर्ने उल्लेख गरिएको थियो । यद्यपि सन २००८ मा यसको मध्यावधि मुल्यांङ्कन गरिदा सो लक्ष्य पूरा हुने लक्षण देखिएन (पोखेल, २०६९) ।

वि.सं. २०५८ को दशौं राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ३१ लख ५१ हजार ४ सय २३ रहेको थियो । उक्त जनसंख्या मध्ये ०.४५% अपाङ्गता रहेको देखाउँछ । यसैगरि वि.सं. २०६८ मा लिइएको ११ औं जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको र जसमा १.९४ प्रतिशत मात्र अपाङ्गता रहेको देखाएको पाइन्छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनहरुले अपाङ्गता भएकाहरुको अधिकारको व्यवस्था र ग्यारेन्टी गरेको भएपनि अपाङ्गता भएकाहरु आफ्नो अधिकार उपयोग गर्नमा स्वयंममा सक्षम हुन्नन् । मुलतः राज्य, अभिभावक तथा सम्बन्धित सघं सस्था लगाएतका सबै व्यक्तिहरुको दायित्व हो । जव दायित्व निभाउनु पर्नेले आफ्नो दायित्व पुरा गर्दैनन् तव अधिकार स्वतः औचित्यहिन, निस्कृय र शुन्य हुन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले अख्तियार गरेको निति तथा कार्यक्रम देखि हाल सम्म नेपालको अन्तरिम संविधान, २०६३ ले गरेको व्यवस्था र नेपाल पक्ष भइ अनुमोदन गरेका विभिन्न संन्धि-सम्झौता सबै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएको प्रयास यस अध्ययनको श्रोत र सिमाको रुपमा निर्धारण गरीएको छ (गोरखापत्र, मसिंर १२, ०६९) ।

कुनै पनि राज्यले आफ्ना नागरिकहरुलाई शान्ति सुरक्षाको प्रत्याभुति गराउँदै, हरेक तह र तप्काका नागरिकहरुको गाँस, बाँस, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा जस्ता न्युनतम आबश्यकताहरुको ग्यानेन्टी गर्नु पनि राज्यकै दायित्व भित्र पर्दछ । आजको राज्यको परम कर्तव्य प्रत्येक नागरिकको अभिभावकत्वको जिम्मा पूरा गर्नु हो । बिश्वमा सुचना तथा प्रबिधिले समाजमा हरेक पक्षमा प्रभाव पारी आजको समाज सभ्य, सु-संस्कृत र उन्नतिको पथमा अग्रसर छ । भने यहि समाजको कुनै वर्ग आफ्नो शरीरमा भएको शारिरीक कमजोरीको कारण अपहेलित मात्र हैन की राज्य बाट प्राप्त गर्ने न्युनतम आधारभुत शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगारी बाट बन्चित रहेको अवस्था देखिन्छ ।

समाजमा चल्ने द्वन्द र युद्धले पनि मानिसलाई अपाङ्गताको संज्ञा भिर्न बाध्य बनाईराखेको हुन्छ । समाजमा बस्ने कुनै पनि मानिस द्वन्दको मारमा वा कुनै पनि किसिमको दुरर्घटनामा पर्न सक्छ । उसले आफ्नो शरिरको कुनै अंग गुमाएर वा मस्तिष्क घातको मारमा परेर त्यस उप्रान्त अपांग जिवन विताउन बाध्य हुनु पर्ने सम्भावना जहिले पनि, जसलाई पनि र जहाँपनि रहिरहन्छ । दुर्घटनाले कुनै पनि क्षेत्र, समुदाय, लिङ्ग, जात, आदि केहि हुदैन । दार्शनिकताको हिसावले भन्ने हो भने नियमीततासँग जोडिएको आकस्मिकता नै अपाङ्गता हो । यो संसार सारा नियममा चल्दछ तर कहिले काही आकस्मिकताले नियमलाई भंग गरिदिन्छ र दुर्घटना हुन सक्छ र कयौ मोडमा मानिसलाई अपाङ्ग बनाएर छाडिदिन सक्छ । त्यसैले अपाङ्गताको कुनै सीमा र क्षेत्र हुदैन भनिएको हो । अपाङ्गताको यो चरित्रलाई बुझेर हरेक मानिसले जिवनको कुनै घडीमा आफुनै अपाङ्ग बन्न सक्छु भन्ने सोच राख्ने र तद्अनुरुपको व्यवहार गर्न सकेमा समाजमा अपाङ्गहरुले भोग्नु परेका समस्याहरुको सकारात्मक समाधानमा ठुलो टेवा पुग्न सक्दछ । अपाङ्गहरुले धैरै किसीमका कठिनाईहरुको सामना गर्नु पर्दछ । घर, परिवार, समाज र राज्यबाट माया ममता, एवं प्रोत्साहन पाउने हो र आबश्यक कानुनी तथा व्यवस्थापकिय प्रावधानहरुको निमार्ण हुने हो भने अपाङ्गहरुले पनि राम्रा राम्रा कामहरु गर्दै सुन्दर र सुखी जीवन विताउँन सक्छन् र उनीहरुलाई चाहिएको पनि त्यहि हो । अपाङ्ता भएका बालबालिकाहरुलाई शिक्षामा के कस्तो अवसर प्राप्त छ । सरकारी विद्यालय, महाविद्यालय र विश्वविश्वविद्यालयमा निःशुल्क शिक्षा पाउने व्यवस्था रहेपनि निजि क्षेत्रमा न्युनतम पनि सुविधा दिने गरेको पाइदैन । किनकी उनीहरु (निजि क्षेत्र) सेवा भाव भन्दा पनि मुनाफा मुखी हुने प्रंविर्तिले निर्देशित हुन्छन् । अतः यस पृष्ठभूमिमा अपाङ्ता भएका बालबालिकाहरुको शिक्षाको लागि नेपाल सरकारले के कस्ता प्रावधान तय गरेको छ भनी यस अध्ययनमा हेर्ने कोशिष गरिएको छ (कोइराला, २०६५) ।

### १.२ समस्याको कथन

नेपालको योजनाबद्ध विकासको चार दशक भन्दा बढिको प्रयासले पनि हाम्रो आर्थिक, सामाजिक एवं भौतिक उपलब्धिहरु अझैपनि प्रारम्भिक चरण मै छन् । संकुचित सोच, अन्धविश्वास एवं शिक्षा तथा चेतनाको कमिको कारण शरीरमा कुनै अंगमा चोट पुग्न गएबाट अपाङ्कताको संज्ञा पाउन बाध्य नागरिकहरु नै यथार्थमा यस अध्ययनका विषय हुन् । वि.सं. २०३९ मै अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ आएपनि ऐनले दिशा निर्देश गरे अनुसारको न्युनतम सेवा सुविधा समेत भएको पाइदैन । यसै पृष्ठभूमिमा यस अध्ययनको लागि निम्न समस्याहरुलाई लिइएको छ ।

क) के अपाङ्ता सम्बन्धि नीति, ऐन र नियमावलीमा भएका शिक्षा सम्बन्धि प्रावधानहरु प्रर्याप्त छन् ?

ख) के अपाङ्ग मैत्री पाठ्यसामाग्री (Audio, Visual, Brail...) को स्थिति पर्याप्तता छ ?

ग) के अन्तराष्ट्रिय सन्धि, संझौतामा उल्लेखित प्रावधानहरु घरेलु कानुनमा समेटिएका छन् त ?

घ) के विवतरण गरिएका सुविधाहरु पर्याप्त र उपयुक्त छन् ?

ङ) के कक्षामा पठन पाठनको अवस्था उपयुक्त छ ?

### १.३ अध्ययनको उद्देश्य

हरेक कार्यको आफ्नो निश्चित उद्देश्य रहेजस्तै यहाँ यस अध्ययनको लागि निम्न उद्देश्य राखि यस अध्ययनलाई अगाडि बढाइएको छ ।

क) अपांगता सम्बन्धि शिक्षा  ऐन र नियमावलीमा भएका प्रावधानहरुको अध्ययन गर्नु,

ख) विद्यालयमा पुर्वाधारको अवस्था अपाङ्मैत्री भए नभएको अध्ययन गर्नु,

ग) अपाङ्गता भएका बालबालिकाहरुलाई सहज रुपमा शिक्षा प्राप्त गर्न राज्य बाट प्रदान गरिएका सुविधाहरुको  पत्ता लगाउनु,

### १.४ अध्ययनको औचित्य

आधुनिक विश्वमा विज्ञान तथा प्रविधिमा भएको तिब्र विकास र उन्नतिले अपाङ्गता भएका व्यक्तिहरुलाई पनि हरेक क्षेत्रमा सहज पहुँचको अवस्था सृजना हुदै  गएको छ । उदाहरणको लागि आधुनिक भवनमा लिफ्टको निमार्णले दशौ तलामा अपाङ्गता भएका व्यक्ति पुगि कार्य सम्पादन गर्न सहज भएको छ, त्यसैगरि कम्प्युटर, टेलिफोनको प्रयोगबाट पनि अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, सिप, दक्षताको प्रस्फुटन हुनमा सहयोग पुगेको छ । यद्यपी नेपालका अपाङ्गता भएका नागरिकहरुको अवस्था भने  त्यति राम्रो छैन । शिक्षा प्राप्त गर्न निकै कठिनाईको सामना गर्नू पर्ने अवस्था छ भने यस क्षेत्रमा गहिरो अध्ययन गरि आवश्यक नीति नियमहरु बन्न नसकेको अवस्था देखिन्छ । अतः यस अध्ययन बाट यस क्षेत्रमा थप अध्ययन गर्न चाहानेहरुको लागि र अपाङ्गता भएका नागरिकको उन्नति र विकासका लागि सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुलाई आवश्यक नीति नियम बनाउन यस अध्ययन ले थोरै भए पनि मार्ग दर्शन गर्न सक्ने छ । यद्यपी यो अध्ययन शिक्षा शास्त्र स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूर्तिको लागि भएकोले निश्चित पाठ्यक्रममा आधारित भएर अध्ययन कार्य अगाडि बढाइएको छ । यसै पृष्ठभूमिमा यस अध्ययनको निम्न आधारमा औचित्य पूष्टि गर्न सकिन्छ ।

- अपाङ्गता भएका बालबालिकाको शिक्षाको विकासको लागि आवश्यक कानुन, नीति नियम र कार्य विधि तय गर्न सहयोग पुग्नेछ ।
- यस विषयमा थप अध्ययन, अनुसन्धान गर्न यसले थोरै मात्रा भएपनि मार्ग दर्शन गर्न सक्नेछ ।
- सरकार, नागरिक समाज, निजि क्षेत्र र अन्तराष्ट्रिय निकाय (सम्बन्धित क्षेत्रमा काम गर्ने) हरुलाई अपाङ्गता भएका व्यक्तिहरुको शिक्षाको विकासको लागि मार्गदर्शन गर्न सक्ने विश्वास गर्न सकिन्छ ।

  अतः अपाङ्गता भएका बालबालिकाको शिक्षाको लागि सरकारले गरेका प्रयासहरु भन्ने विषयमा अध्ययन गरि सुधारका लागि सुझाव प्रंस्तुत गर्ने भएकोले सरकारी क्षेत्र र निजि क्षेत्रका लागि साथै अपाङ्गता भएका व्यक्तिहरुको  लागी समेत यो अध्ययनले विशेष  महत्व राख्ने देखिन्छ ।

### १.५ अध्ययनको  सीमा

यो  अध्ययन  अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धी, २००६, नेपाल पक्ष राष्ट्र भएको हैसियतले अपांगताको लागि बनेका ऐन, नियमहरु, राष्ट्रिय रुपमा बनेका अपाङ्गताको अधिकार स्थापना गर्ने भनी नेपाल सरकारले गरेका प्रतिबद्धताहरुमा सिमित रहेको छ । अतः यो अध्ययन अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाको सवालमा मात्र केन्दीत रहेको छ  । जसमा रोजगारी, अन्य भौतिक सुविधाहरु र भौतिक पुर्वाधारहरुको अवस्था जस्ता विषयहरुले पनि संगसँगै जोडिएर आउने हुनाले यस्ता प्रकृतिका विषयहरुले पनि यस अध्ययनमा स्थान पाएका  छन् ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको समिक्षा

## २.१ अन्तराष्ट्रिय स्तरमा कानुनी व्यवस्थाहरु

संयुक्त राष्ट्रसंघले सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेपछि बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुका लागि सन् १९७१ म पुनःस्थापना, सामाजिक सुरक्षा, जिवनयापन र उपयुक्त शिक्षा प्राप्त गर्ने अवसरका लागि सरकारलाई जिम्मेवारी दिने घोषणापत्र जारी गर्‍यो । संयुक्त राष्ट्रसंघीय मानव अधिकारसम्बन्धि घोषणापत्र-१९४८ को धारा २६ ले सबै अधिकारको रुपमा घटिमा प्राथमिक तहसम्म निःशुल्क शिक्षा पाउनु पर्ने व्यवस्था गरेको छ । सन् १९९० को जोमटिएन घोषणापत्रले "शिक्षा सबैका लागि हो " भनी प्रतिवद्धता जनाएको छ ।

संयुक्त राष्ट्रसंघीय अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दशक सन् १९८३-१९९२, अपाङ्गता भएका व्यक्तिहरुका लागि अवसर सामान्यीकरण सम्बन्धि संयुक्त राष्ट्रसंघिय प्रामाणिक नियमहरु-१९९३ को नियम ६ र एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको दशक सन् १९९३-२००२ ले अपाङ्गता भएका बालबालिकालाई अधिकारको रुपमा शिक्षाको व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ । सन् १९९४ को सालामान्का घोषणाले अपाङ्गता भएका व्यक्तिलगायत विशेषशिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाको राष्ट्रिय कार्यक्रमको मुलधारमा समावेश गर्नु पर्ने कुरामा जोड दिएको छ । सन् २००० मा सम्पन्न डकार सम्मेलनले विशेष आवश्यकता शिक्षा प्रवर्द्धन गर्नका लागि एसिया तथा प्रशान्त क्षेत्रमा विविध कार्यक्रम सञ्चालन गर्न/गराउन सम्बन्धित सरकारलाई प्रेरित गरेको थियो ।

शिक्षाको प्रशान्त क्षेत्रमा बिवाको सहश्राब्दी कार्ययोजना-२००२ को कार्यान्वयन ढाँचाको प्राथमिक क्षेत्रभित्र तोकिएको लक्ष्य अनुसार सन् २०१५ सम्ममा शत प्रतिशत अपाङ्गता भएका बालबालिकाहरुले प्राथमिक शिक्षा पाउँनु पर्ने उल्लेख गरिएको थियो । यद्यपी सन् २००८ मा यसको मध्यावधि मुल्यांकन गरिदा सो लक्ष पूरा हुने लक्षण देखिएन ।

संयुक्त राष्ट्रसंघको एशिया प्रशान्त क्षेत्रीय आर्थिक सामाजिक परिषद्ले सन् २०१३ देखि २०२२ सम्मका लागि "अधिकार बनाऔं बास्तविकता" (Make the Right Real) अभियान अन्तर्गत दक्षिण कोरियाको एनचियन (Incheon) मा २०१२ नोभेम्बरमा १० वर्षे रणनितीक कार्ययोजना पारित गरेको र यसलाई यस क्षेत्रका सरकारहरुले आत्मसाथ गरिसकेका छन् । त्यो कार्यढाँचाको पाँचौं लक्ष्यले अपाङ्गता भएका बालबालिका का लागि सुरुको अवस्थामा स्याहार र शिक्षा सम्बन्धि ७ वटा सुचकाङ्क निर्धारण गरि लक्ष्य तय गरेको छ । यसको सातौं सुचकांङ्कमा बौद्धिक अपाङ्गता, सिकाई ढिलो हुने र अटिज्जम भएका बालबालिकासमेतलाई जीवनोपयोगी शिक्षा प्रदान गर्न उपयुक्त पाठ्यक्रम र पाठ्य सामाग्री तयार गरी लागु गर्न सरकारलाई जिम्मेवारी दिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धि संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा २४ ले सबै अपाङ्गता भएका बालबालिकालाई आफ्नै घरनजिकको समुदायमै शिक्षा प्राप्त गर्ने अवस्था सृजना गर्न र सबै तहमा समावेशी शिक्षा पद्धतिबाट गुणस्तरीय र निःशुल्क शिक्षा प्रदान गर्न पक्ष राष्ट्रहरुलाई जिम्मेवारी दिएको छ ।

बाल अधिकारसम्बन्धी महासन्धी र अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धीले अपाङ्गता भएका बालबालिकाहरुलाई सेवा र संरक्षण चाहाने निष्कृय वस्तु ठान्ने धारणाहरुलाई चुनौती दिन्छन् । यसका अतिरिक्त महासन्धीले प्रत्येक बालबालिकाहरुले आफ्ना परिवार, समुदाय र समाजको पूर्ण सदस्यको रुपमा पहिचान हुन पाउनु पर्छ भन्ने माग राख्दछन् । यस अन्तर्गत बालबालिकालाई उद्धार गर्ने भन्ने परम्परागत मान्यतामा नभएर बालबालिकामा दैनिक जीवनमा असर गर्ने निर्णय प्रक्रियामा सक्रिय सहभागिता हुन पाउने अधिकार लगायत बाल अधिकारको उपभोगमा बाधा पुऱ्याउने शारीरिक, साँस्कृतिक, आर्थिक, संचार, हिडडुल र धारणागत व्यवधानहरुलाई हटाउन गरिने लगानीमा जोड दिने कुराहरु पर्दछन् । अपाङ्गता भएका व्यक्तिहरुको क्षमतालाई नजरअन्दाज गर्नु उनीहरुको समावेशीकरण र समान अवसरहरुका प्रावधानको प्रमुख अवरोध हो । पेशाकर्मी, राजनितिज्ञ र अन्य नीति नियमहरुदेखि लिएर परिवार, सहपाठी साथै अपाङ्गता भएका मानिसहरुमा सम्म पनि अश्विकारी धारणा व्याप्त हुन्छ जसका कारणले गर्दा उनीहरुले आफ्नै क्षमतालाई कम महत्व दिन्छन् (नेपालमा अपाङ्ग बालबालिकाहरु, २०१३) ।

**क) अपांगहरुको लागि अवसर सामान्यीकरण सम्बन्धि प्रामाणिक नियमहरु, १९९३**

अपाङ्गता भएको बालकको अन्य कुनै बालिका वा बालक सरह समान अधिकार हुन्छन् । अरु सरह फल्ने फुल्ने मौका पाएको खण्डमा अपाङ्गता भएका बालबालिकाहरु सँग सफल जिवन जिउने र उनीहरुका समुदायले सामाजिक, सांस्कृतिक र आर्थिक जीवनमा योगदान पुऱ्याउने संभाव्यता हुन्छ । यद्यपी अपाङ्गता भएका बालबालिकाहरुलाई जिउन र उन्नति गर्न विशेष कठिनाई हुन सक्छ । अपाङ्गता नभएका साथीहरु भन्दा उनीहरु गरीब हुने उच्च जोखिममा हुन्छन् । समान प्रकारका प्रतिकुल परिस्थितिहरु भएका बालबालिकाहरु मध्ये पनि अपाङ्गता भएका बालबालिकाहरुले उनीहरुको अपाङ्गता र समाजले तिनका बाटोमा तेछ्र्याउने थुप्रै व्यवधानहरुको फलस्वरुप अतिरिक्त चुनौतिहरुको सामना गर्छन् । उदाहरणको लागि गरिबीमा बाँचिरहेका बालबालिकाहरुले शिक्षा र स्वास्थ्य सेवाको सुविधा कमै मात्र उपभोग गर्न पाउँछन् तर अपाङ्गता भएका र गरिबीमा बाँचिरहेका बालबालिकाहरु स्थानिय विद्यालय वा क्लिनिकमा जानै नसक्ने हुन्छन् । सयुक्त राष्ट्रसघिय मानव अधिकार सम्बन्धि विश्व व्यापी घोषणा प्रत्र, १९४८ भेदभाव विरुद्धका सबै निति तथा नियम, अपाङ्ग वाल बालबालिका तथा महिलाहरुका अधिकार निश्चित गर्न महिलाहरुका विरुद्धका सबै प्रकारका भेदभाव निर्मुल गर्ने सम्बन्धि अन्तराष्ट्रिय सम्मेलनले पारित गरेका व्यवस्था , सुस्तमनस्थिति भएको व्यक्तिहरुका अधिकार सम्बन्धि घोषणा पत्र आदिलाई दृष्ट्रिगत गर्दै सयुक्त राष्ट्रसघको साधारण सभाले २० डिसेम्बर १९९३ मा आफ्नो ४८ औ बैठकले 'अपाङ्गहरुको लागि औसर समानीकरणसम्बन्धि प्रामाणिक नियमहरु , १९९३ ' पारित गर्यो । यी नियमहरुलाई लागु गर्न सबै राष्ट्रहरु सँग अनुरोध गरिएको थियो । ति प्रामाणिक नियमलाई हरेक राष्ट्रले आ आफ्नो राष्ट्रभाषामा अनुबाद गरि सम्बन्धित सरोकार वाला व्यक्तिहरु निकायमा पुराउनु पर्दछ । ती राष्ट्रहरुमा ऐन , कानुन निति तथा कार्यक्रम हरुको तर्जुमा गर्दा यी नियमहरुलाई पालना गर्ने

तर्फ सबैको ध्यान जान जरुरी देखिन्छ। यसमा जम्मा २२ ओटा नियमहरु रहेका छन् (राष्ट्रिय अपाङ्ग महासंघ, २०५०) ति नियमहरुलाई पनि  चार भागमा बाडिएको छ।

- समान सहभागिताका पुर्वाधारहरु
- समान सहभागिताका निमित्त लध्यित क्षेत्र
- कार्यान्वयन विधिहरु
- अनुगमन प्रणाली (स्रोत : अपाङ्गता भएकाहरुको अभियान, २०६८)

अपाङ्गताको प्रकार, उनीहरु बस्ने ठाउँ, संस्कृति वा बर्गको आधारमा अपाङ्गता भएका बालबालिकाहरुले विभिन्न प्रकारका वहिष्करणको सामना गर्छन र तिनिहरुद्धारा भिन्न प्रकारले प्रभावित हुन्छन्। लिङ्ग पनि एउटा महत्वपूर्ण पक्ष हो : अपाङ्गता भएका केटाहरु वा अपाङ्गता नभएका केटीहरु भन्दा अपाङ्गता भएका केटीहरुलाई शिक्षा प्राप्त गर्ने, व्यवसायिक तालिम लिने वा रोजगारी पाउने सम्भावना कम हुन्छ। अपाङ्गता भएका बालबालिकाहरुलाई प्रायः तुच्छ ठानिन्छ र त्यसले उनीहरुलाई अझ बढि जोखिममा पार्छ। अपाङ्गताका आधारमा भेदभाव श्रोतसाधन र निर्णय प्रक्रियाबाट हुने सीमान्तीकरण र कहिलेकाहि बाल हत्यामा परिणत हुन्छ। बहिष्करण प्रायः अदृष्यताबाट उत्पन्न हुन्छ। थोरै देशहरुमा उनीहरुका नागरिकहरु मध्ये कतिजना अपाङ्गता भएका वा उक्त अपाङ्गताले उनीहरुको जीवनमा कस्तो प्रभाव पारेको छ भन्ने बारेमा भरपर्दो सूचना हुदैन। यसरी बहिष्कृत भएका बालबालिकाहरुका बारेमा थाहै हुँदैन र उनीहरुले पाउनु पर्ने सार्वजनिक सेवाबाट बञ्चित हुन्छन्। जसले गर्दा उनीहरुको जीवनमा दीर्घकालिन असर पर्छ । तर सहयोगी सेवा र प्रविधिको पहुँच र प्रयोगले अपाङ्गता  भएका बालबालिकाहरुलाई समुदायमा आफ्नो स्थान बनाउन र त्यसमा योगदान दिन मद्दत पुऱ्याउँछ। भविष्य त्यति अध्यारो छैन। बालबालिकाहरुका अधिकारहरुसम्बन्धी महासन्धी र अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसम्बन्धि महासन्धी प्रवर्द्धन गर्ने प्रतिबद्धताद्धारा संसारभरका सरकारले अपाङ्ग र सबलाङ्ग सबै बालबालिकाहरुको कुनै प्रकारको भेदभाव विना आफ्ना अधिकारहरु उपयोग गर्न पाउँछन् भन्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी लिएका छन्। महासन्धीहरु समुदायीक जिवनमा समोवश गर्न प्रतिबद्ध विश्वव्यापी आन्दोलनहरुका साक्षी हुन्। महासन्धीहरुले अपाङ्गता भएका बालबालिकाहरुका अरु सरह अधिकार हुन्छन् भन्ने कुरा स्थापित गरेका छन्।

**ख) एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक  १९९३ देखि २००२ को कार्यसूची**

सयुंक्त राष्ट्रसघिय अवसरको समानीकरणले दिएको आदेश अनुसार विकसित मुलुकको दाँजोमा एशिया तथा प्रशान्त देशहरुमा अपाङ्गहरुका निमित्त लक्षित कार्यक्रम भर्खरै बाँमे सर्दै गरेको भएतापनि सकारात्मक सुचक देखिएकाले ऐशिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोग एशिया तथा प्रशान्त क्षेत्र (ESCAP) बेइजिङमा सम्पन्न भएको ४८ औ सभाले १९९३ देखि सन २००० सम्म एशिया तथा प्रशान्त क्षेत्रका लागि अपाङ्ग दशक घोषणा गयौ । उक्त बैठकले एशिया तथा प्रशान्त क्षेत्रका अँपागहरुको पूर्ण सहभागिता र समानता सम्बन्धि

घोषणालाई पारित गर्नुका साथै एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३ देखि २००२ को कार्यतालिका पारित गर्यो । अप्रिल १९९३ मा आयोगको ४९ औ सभाले प्रस्ताव नं ४९/६ मार्फत घोषणा पत्र र कार्यतालिका पारित गर्यो ।

एशिया तथा प्रसान्त क्षेत्रका अपाङ्गहरुको दशकका उद्देश्यहरु हासिल गर्नका लागि अपाङ्ग सम्बन्धि कार्यनितिलाई प्रभावकारी रुपमा सँचालन गर्न १२ ओटा नितिहरु तय गरिएको थियो । यी नितीअनुरुप नेपालमा पनि सरकारले केहि सकारात्मक प्रयासहरुको थालनी गरेको पाइन्छ । जसमा अपाङ्ग परिचय पत्र वितरण, नवौ पञ्चवर्षिय योजनामा नितिगत व्यवस्था तथा दशौ पञ्चबर्षिय योजनामा विशेष शिक्षाको सस्थागत विकास, अपागहरुका सस्थाहरुको ससक्तिकरण र आर्थिक अनुदान प्रदान , ऐन, कानुन , नियमावलिको मसौदा तयार गर्नु केहि सकारात्म कदम हो, दशौ पचँवर्षिय योजनाको आधार पत्र तयार गर्दा अपाङ्गहरुको छाता संस्था रहेको राष्ट्रिय अपाङ्ग महासघ-नेपाल र अपाङ्ग व्यक्तिलाई सक्रिय सहभागि गराउनु र विना धितो ऋणको व्यवस्था प्रमुख रखेका छन् ।

अन्य मुलुकको तुलना गर्दा सार्क राष्ट्रको कानुनी व्यवस्था र कार्ययोजनाको तहमानै नेपाल पछाडि परेको छ । तसर्थ अझ ससक्त रुपमा स्क्याप निति अनुसार नेपालको कानुनमा सुधार निति निमार्ण तथा कार्यक्रम तयार गर्नु पर्ने टडकारो आवश्यकता देखिन्छ (रा.अ.म.(२०६८), रुपान्तरणः मासिक पत्रिका ) ।

**ग) अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि एवं स्वेच्छिक प्रोटोकल २००६**

हरेक नागरिकको नैसर्गिक अधिकार सुनिश्चित गराउनु कुनै पनि मुलुकको अनिवार्य दायित्व भएको कुरालाई सयुक्त राष्ट्रसघंले पारित गरेका मानव अधिकार सम्बन्धि विभिन्न महासन्धि र घोषणा पत्रहरुद्धारा स्पष्ट पारिएको परिप्रेक्षमा हालसम्म ल्याइएका त्यस्ता दस्तावेजहरुले अपाङ्गता भएका व्यक्तिहरुको नागरिक, राजनैतिक एवं आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सुनिश्चित गराउनका लागि कुनै विशेष प्रावधानहरु नतोकेका कारण विश्वभरी रहेका अपाङ्गता भएका व्यक्तिहरुको मौलिक हक अधिकार कुण्ठित हुन गई तीनले स्वाभिमानपूर्ण जिवन बाँच्नबाट बाँधा उत्पन्न भएको हुदाँ विशेष रुपमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि अन्तराष्ट्रिय महासन्धि लागु गराउन सयुंक्त राष्ट्रसघले सन् २००१ को अन्त्य तिर तदर्थ समिति गठन गरि कार्य प्रारम्भ गरेको थियो । यद्यपी अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धी अपाङ्गता सँग सरोकार राख्ने पहिलो मानव अधिकार दस्तावेज होइन । तर पनि अघिल्ला दस्तावेजहरुले भन्दा यसले अपाङ्गता भएका व्यक्तिहरुलाई उदाहरणीय रुपमा संरक्षण प्रदान गर्छ । महासन्धीले अपाङ्गता भएका व्यक्तिहरुले उपभोग गर्नुपर्ने अधिकारहरुलाई विस्तृतताकाथ विवरण तथा राज्य र अन्य निकायहरुद्धारा उक्त अधिकारहरुको सम्मानको सुनिश्चिता गरेको छ (अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि एवं स्वेच्छिक प्रोटोकल २००६ (Convention on the Rights of Persons with Disabilities and Optional Protocol, CRPD-2006) १३ डिसेम्बर २००६ मा संयुक्तराष्ट्रसघको

६१ औ महासभाबाट पारित भए अनुसार । सन् १९८२ मा संयुक्त राष्ट्रसंघिय महासभाले "**अपाङ्गता भएका व्यक्तिहरुसँग सम्बन्धित विश्व कार्यक्रम**" पारित गर्‍यो जसले कुनै पनि देशको विकासका गतिविधिहरुमा अपाङ्गताको जवाललाई जोडेर हेर्नु पर्नेमा जोड दिन्छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् १९८३ देखि १९९२ को दशकलाई "अपाङ्ग व्यक्तिहरुको दशक" को रुपमा घोषणा गर्‍यो र सो अवधिभर आफ्ना सदस्य राष्ट्रहरुलाई अपाङ्गगता भएका व्यक्तिहरु सँग सम्बन्धित विश्व कार्यक्रमलाई कार्यान्वयन गर्न प्रोत्साहित गर्‍यो । ( स्रोत : सन् १९८२ डिसेम्बर ३ को संयुक्त राष्ट्रसंघीय महासभाको संकल्प प्रस्ताव ३७/५३)

महासन्धीको उद्देश्य अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धीको धारा १ ले महासन्धीको उद्देश्य "अपाङ्गगता भएका सबै व्यक्तिहरुले सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण र समान उपभोग पाउनको लागि प्रवर्द्धन, संरक्षण र सुनिश्चित गर्नु, तथा उनीहरुको नैसर्गिक मर्यादाको सम्मानको प्रवर्द्धन गर्नु हो ।" महासन्धीले अपाङ्गता भन्ने शब्दलाई यसरी परिभाषित गर्दछ । अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक अथवा इन्द्रिय सम्बन्धि कमजोरीहरु तथा तिनका विभिन्न नकारात्मक सोच तथा शारीरिक भौतिक अवरोधहरको कारणले गर्दा समाजमा अन्य व्यक्तिहरु सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङगमा सहभागि हुन बाधा भएका व्यक्तिहरुलाई जनाउँछ (धारा १)

विशेषतः अविकसित मुलुकहरुमा अपाङ्गता भएका व्यक्तिहरुको शिक्षाको लागि धेरै अवरोधहरु रहेका छन् । तिनीहरु यस प्रकार रहेका छन् :

हालैका अनुमानहरुले अविकसित मुलुकहरुमा विद्यालय जाने अपाङ्गता भएका बालबालिकाहरुको दर १ देखि ३ प्रतिशतको हाराहारीमा छ भन्ने देखाएका छन् , तसर्थ लगभग ९८ प्रतिशत विद्यालय नजाने अपाङ्गता भएका बालबालिकाहरु निरक्षर छन् । जहिले सम्म यति ठुलो संख्यामा अपाङ्गता भएका बालबालिकाहरु विद्यालय जान पाउँदैनन् तब सम्म विश्वव्यापी प्राथमिक शिक्षाको सहस्राब्दी विकास लक्ष्य प्राप्त हुने छैन । तथापि, अनुसन्धानहरुले के देखाएका छन् भने उल्लेखनिय रुपमा अपाङ्गता भएका बालबालिकाहरु सहितका नियमित शिक्षामा समेटिएका बालबालिकाहरुको विद्यालय शिक्षा पूरा गर्ने सम्भावना बढि हुन्छ र उनीहरु माध्यमिक पछिको शैक्षिक तहको अध्ययन तथा तालिममा संलग्न हुने, जागिर खाएर राम्रो आम्दानी गरी आफ्नो समुदायको सक्रिय सदस्य हुन्छन् । महासन्धीले प्रवर्द्धन गरेका शिक्षा तर्फको प्रवेश समोवशी शिक्षाको त्यस्तो सिद्धान्तमा आधारित छ जसले बौद्धिक अपाङ्गता भएका बालबालिकाहरु समेतलाई उत्कृष्ट शैक्षिक वातावरण प्रदान मात्र गर्दैन बरु अवरोधहरुलाई नष्ट गर्न र सामाजिक मान्यताहरुलाई चुनौति दिन मद्दत गर्दछ । शिक्षाको यो प्रणालीले अपाङ्गता देखि डराउने भन्दा पनि यसलाई स्विकार्ने र आत्मसाथ गर्ने समाजको सिर्जना गर्न सहयोग पुर्‍याउँछ । जब अपाङ्गता भएका र नभएका बालबालिकाहरु एउटै विद्यालयमा एक साथ अध्ययन गर्छन, उनीहरु एक अर्का प्रति ठुलो समझदारी र सम्मानको विकास गर्छन् । अत्त समावेशी हुनका लागि साधारण शिक्षा प्रणालीले : (धारा १०)

- अपाङ्गता भएका व्यक्तिहरुका लागि उपयुक्त किसिमका उपकरण तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्नु पर्छ,
- अपाङ्गता भएका सहित सबै विद्यार्थीहरु र बालबालिकाहरुको आवश्यकतालाई आत्मसात गर्ने खालका शिक्षण विधिको अबलम्बन गर्नु पर्छ साथै विविधताको स्वीकोरोक्तिको प्रवर्द्धन गर्नु पर्छ ,
- सम्पूर्ण शिक्षक-शिक्षिकाहरुलाई एउटा समावेशी कक्षाकोठामा अध्यापन गर्न तालिम प्रदान गर्नु तथा एक अर्कालाई सहयोग गर्न उत्प्रेरित गर्नु पर्छ ,
- सम्भावनाको अति उच्च हद सम्म अपाङ्गता नभएका विद्यार्थीहरु समेतको विविध आवश्यकतालाई पूरा गर्ने तहको सहयोगको व्यवस्था गर्नु पर्छ र
- ब्रेल तथा साङ्केतिक भाषा सिकाइको सहजीकरण गर्नु पर्छ जसले गर्दा दृष्टिविहिन, बहिरा वा बहिरा-दृष्टिविहिनहरुको शिक्षामा पहुँच विस्तार हुन्छ र उनीहरुले पनि संवाद गर्न सक्छन् ।
- गत २००६ अगष्ट २५ तारिकमा तदर्थ समितिको आठौ बैठकले महासन्धि मस्यौदा तयार पारि सयुंक्त राष्ट्रसंघ समक्ष अनुमोदनको लागि पेस गरेपछि डिसेम्बर १३ तारिखका दिन ६१ औ महासभाले पारित गरि २००७ को मार्च ३ तारिकका दिन सदस्य राष्ट्रहरुबाट हस्ताक्षर तथा अनुमोदन गर्न खुल्ला गरिसकेको छ र यस प्रकाशन हुने दिन सम्म ८१ वटा सहित युरोपियन कमिटिले हस्ताक्षर गरिसकेका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि(CRPD) 2006 मा २५ वटा प्रस्तावना ५० वटा धारा १८ वटा स्वेच्छिक प्रोटोकलहरु रहेका छन् । अपाङ्गता भएका व्यक्तिहरुको नैसर्गिक अधिकारको सवर्द्धन र प्रर्वदन गरि तीनको स्वाभिमान पूर्ण जिवन सुनिश्चित गराउनु महासन्धिका पक्ष राष्ट्रहरुलाई अन्तराष्ट्रिय कानुनी दस्तावेजको रुपमा यस महासन्धिलाई लिइएको छ । अपाङ्गता भएका सबै व्यक्तिहरुबाट हुने सम्पूर्ण सबै मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरुको पूर्ण र समान उपभोग, संवर्द्धन, संरक्षण एवं सुनिश्चित गर्नु तथा उनीहरुको नैसर्गिक मर्यादाको सम्मानको संवर्द्धन गर्ने उद्देश्य बाट महासन्धि उन्मुख भएको छ (धारा ११) ।

महासन्धिको अनुमोदन गरि स्वीकार गर्ने राष्ट्रहरुले पक्षराष्ट्रको रुपमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार प्रर्वद्धन र सम्बर्द्धन गर्ने विशेष भुमिका निर्वाह गर्नु पर्दछ । प्रस्तुत महासन्धिले अपाङ्गता भएको व्यक्ति भन्नाले शारिरीक , मानसिक ,बौद्धिक वा इन्द्रिंय सम्बन्धि दिर्घकालीन अशक्तताद्धारा सृजित विभिन्न अवरोधहरुसंगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्तिहरु सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागि हुन बाधा भएको व्यक्ति समेतलाई जनाउँछ । यस महासन्धीको धारा २४ मा शिक्षा को बारेमा उल्लेख गरिएको छ । जसमा भनिएको छ । अपाङ्गता भएका व्यक्तिहरुको शिक्षाको अधिकार रहने छ,, उनीहरुलाई कुनै पनि प्रकारको शिक्षाबाट बन्चित गराइने छैन र शिक्षाको लागि कुनै पनि शुल्क लिन पाइने छैन, शिक्षा प्राप्त गर्नको लागि भौतिक पुर्वाधारहरु बाधक बन्नु हुदैन । भन्ने जस्ता विषयहरु उल्लेख गरिएको छ ।

अपाङ्गता : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्ययना अपाँता भन्नाले शारीरीक रुपमा (आँखा, नाँक, कान, हात, खुट्टामा) भएको दोषको कारण दैनिक चर्या गर्न कठिनाई भएको व्यक्ति भन्ने बुझ्नु पर्दछ ।

पहुँच : सामान्य अर्थमा पहुँच भन्नाले पुग्न सक्ने अवस्था भन्ने बुझेतापनि यहाँ अपाङ्गता को प्रसंगमा अपाङ्गता भएको व्यक्तिहरुको क्षेमताले भ्याउने स्थान भन्ने वुझ्नु पर्दछ ।

सहभागिता : कुनै पनि काममा भौतिक शरिरको उपस्थितिलाई जनाउँछ ।

अवरोध मुक्त वातावरण : अपाङ्गता भएका व्यक्तिहरुलाई कुनै ठाउँमा पुगि कार्य सम्पादन गर्न सहज हुने अवस्था वा परिवेश भन्ने बुझ्नु पर्दछ ।

## २.२ अपाङ्गताको परिभाषा

अपाङ्गता भएको व्यक्ति भनेको दैनिक क्रियाकलापमा असर गर्ने शारीरिक, संवेगात्मक र/वा बौद्धिक असक्षमता भएको व्यक्ति हो । अपाङ्गता भएका व्यक्तिमा रोग हुनु जरुरी छैन र ती व्यक्ति बिरामी होइनन् भन्ने कुरा स्मरण गर्नु महत्वपूर्ण हुन्छ (अपाङ्ग सेवा राष्ट्रिय नीति, २०५३) ।

**सम्भावित चिन्हहरु**

अपाङ्गताको पहिचान पुनर्स्थापना सम्बन्धि विशेषज्ञ वा स्वास्थ्यकमीद्धारा गरिनछ । देहायका कारणहरुले अपाङ्गता हुन सक्दछ :

**<u>बिमारी जस्तै कुपोषण वा मेनिन्जाइटिस जस्ता रोगहरु</u>**

- दुर्घटना : घरमा, कार्यस्थलमा । अपाङ्गताको मुख्य कारण बन्दै गइरहेको छ ।
- प्रकोप तथा युद्ध : द्धन्दले हिँसा तथा अपाङ्गतालाई निम्त्याउँछ । भुकम्प, पहिरो, बाढि जस्ता प्रकोपले अपाङ्गता निम्त्याउँछ ।
- गरिबी : गरिबीका कारण स्वास्थ्य सेवा प्राप्तीको लागि पैसाको अभाव, गर्भाधानसँग सम्बन्धि जटिलताहरु, कुपोषण र न्युन जीवन यापन जस्ता समस्या देखा पर्दछन् ।
- प्राकृतिक कारणहरु : केही व्यक्तिहरु जन्मदै अपाङ्ग भएर जन्मिन्छन् भने केही व्यक्ति पछि गएर अपाङ्ग हुन्छन्

सामान्य शरीरको अन्य अँगसरह कुनै एक अँग चल्न नसक्नुलाई अपाङ्ग भनिन्छ । अपाङ्गपन एक अवस्था मात्र हो । यसलाई अँग्रेजीमा Disabled, Impairment, Disability अथवा Handicap भनिन्छ । अपाङ्ग शब्दले शरीरको कुनै अँग गुमेको वा कुनै भागमा विकृति भएको भन्ने बुझिन्छ । शरीरको कुन भाग र अँगमा विकृति भएको हो ? त्यसले व्यक्तिमा कसरी प्रतिकुल प्रभाव पारेको छ ?यिनै आधारमा सरकारी तथा गैरसरकारी सघं संस्थाहरुले आ आफ्नै किसिमले व्याख्या गरेर अपाङ्गको परिभाषा गर्ने गरेको पाहिन्छ । हालसम्म अपाङ्गको बारेमा स्वीकृत तथा सर्वमान्य हुनेगरि एकै किसिमको परिभाषा दिन सकिएको छैन ।

Disabled शब्दको अर्थ Oxford Dictionary मा Unable to work भनिएको छ। नेपाली बृहद् शब्दकोषमा अपाङ्ग भन्नाले "अँगभँग भएको, शरिरको कुनैभाग विकृत भएको, हातगोडा आदी भाँचिएको वा नाक, कान वा आँखा आदि विकृत भएको विकलाङ " भनिएको छ ( अपाङ्ग आवाज, २०६९)।

अपाङ्ग संरक्षण तथा कल्याण ऐन,२०३९ मा 'अपाङ्ग' भन्नाले सामान्य दैनिक कार्य गर्न शारीरीक वा मानसिक तवरले असमर्थ भएको नेपाली नागरिकलाई सम्झनुपर्छ। यो शब्दले कानो, अन्धो, बहिरो,लाटो , लठेब्रो, लुलो, लङ्गडो,खोरण्डो, डुँडो या सुस्तमनःस्थिति भएको व्यक्तिलाई जनाउँदछ भनेर भनिएको छ।

यसैगरि कानुनी शब्दकोषमा 'अपाङ्ग' (Disabled or Cripped Person)भन्नाले सामान्य दैनिक चर्यागर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको नेपाली नागरिक कानो, अन्धो, बहिरो, लाटो, लठब्रो, लुलो, कुँजो, लङ्गडो, डुँडो वा सुस्तमनःस्थिति भएको व्यक्तिसमेत भनेर भनिएको छ।

Disabled People International (DPI) को पहिलो राष्ट्रिय सम्मेलनले 'Person with Disabilities ' अपाङ्गपन भएको व्यक्ति भन्नुपर्ने भनेर घोषणा पत्र जारी गरेको छ।

नेपाली शब्दसारले आँखाको कुरा, कटाक्ष, कर्केनजर ,अँगभँग भएको, शरीरको कुनै अँग बेकाम भएको विकृतीलाई अपाङ्गको अर्थ मानेको छ। यद्यपी, अपाङ्ग शब्दलाई परम्परागत मानसिकता बाट परिभाषा वा अर्थ लगाउँदा अपाङ्गको आत्म सम्मानमा ठेस पुग्ने र होच्याउने काम भएको छ। नेपली शब्दकोष र अपाङ्गहरुका लागि बनाइएका कानुनमा पनि परिभाषा गर्ने क्रममा लाटो, लुलो, लँगडो, कुँजो, डुँडो जस्ता अपमानजनक शब्द राखिएको छ, जसलेगर्दा अपाङ्गहरुको आत्म सम्मानमा निकै आघात पुगेको छ ( बृहत नेपाली शब्दकोष, २०६१)।

अपाङ्गता शरीरको अवस्था हो। शरीरको कुनै एक वा एकभन्दा बढि अँगहरुले सामान्य रुपमा काम गर्न नसके दैनिक गुजारा चलाउन असजिलो हुन्छ। यस्तो अवस्था नै अपाङ्गता हो। यस प्रंकारको अवस्था स्थायी वा अस्थायी हुनसक्तछ। जुनसुकै व्यक्ति पनि कुनै पनि बेला अपाङ्ग हुन सक्तछ। अझ भन्ने हो भने सबैजना कुनै न कुनै रुपमा अपाङ्ग हुन्छन्। तर शारीरिक वा मानसिक कारणले दैनिकि कामकाज गर्न सामान्य रुपमा कठिनाइ पर्नेहरुलाई मात्रै अपाङ्ग भन्ने गरिएको छ।

अपाङ्गताको परिभाषामा एकरुपता पाइदैन। नेपालमा अपाङ्ग कल्याण तथा संरक्षण ऐन, २०३९ मा अपाङ्ग भन्नाले सामान्य दैनिक चर्या गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको नेपाली नागरिकलाई संझनुपर्छ। भनिएको छ। यसै गरि अपाङ्गताको वर्गिकरण गर्ने क्रममा उल्लेख गरिएका मापदण्ड हेर्दा मुख्य रुपमा

दैनिक जीवन चर्याका लाीग कठिनाइ पर्ने व्यक्तिलाई अपाङ्ग भन्न खोजिएको देखिन्छ । यी सबै परिभाषा र अर्थका आधारमा भन्नुपर्दा शारिरीक वा मानसिक अवस्थाका कारण दैनिक चर्या गर्न कठिन हुने व्यक्तिलाई अपाङ्ग भन्न सकिन्छ ।


नेपालमा अपाङ्ग जनसंख्या कति छ भन्ने बारेमा एकमत छैन । विभिन्न अध्ययन र तथ्यांङ्क सकंलनमा बेग्ला बेग्लै संख्या देखिएको छ । तैपनि नेपालमा सबै प्रकारका गरि कुल जनसंख्याको लगभग १० प्रतिशत अपाङ्ग भएको अनुमान छ ।

समाजका अरु सदस्यसरह नै यस राष्ट्रका अपाङ्गहरुको पनि अधिकार र कर्तव्य  हुन्छ भन्ने ज्ञान धेरै थोरैलाई छ । यसैले कतिपय ऐनकानुनमा अपाङ्गहरुको अधिकारप्रति ध्यान दिइएको पाइदैन । संसारका अरु समाजमा पनि अपाङ्गहरुको अधिकारहरुलाई सुनिश्चित गर्ने प्रयासको थालनी भर्खरै भएको हो । साँच्चै भन्ने हो भने संयुक्त राष्ट्रसघले २०३७ साललाई अन्तराष्ट्रिय अपाङ्ग बर्षका रुपमा घोषणा गरेर मनाएपछि नै समाजमा अपाङ्गहरुको पूर्ण र समान सहभागिता को धारणा अगाडि आएको हो ।

नेपालमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन,२०३९ र नियमावली, २०५१ मुख्य कानुनी व्यवस्था हुन् । नेपाल अधिराज्यको संविधान,२०४७ मा पनि अपांगहरुका लागि विशेष व्यवस्था गर्नुपर्ने कुरा उल्लेख भएको छ । ऐन र नियमावलीमा अपाङ्गहरुका लागी शिक्षा प्राप्त गर्ने, स्वास्थ्य सेवा प्राप्त गर्ने, रोजगारीका अवसरहरु प्राप्त गर्ने, स्वरोजगारका अवसरहरु प्राप्त गर्ने, कर छुट पाउने, यातायातमा सुविधा, निशुल्क कानुनी सेवाजस्ता विषयहरु समावेश भएका छन् ।

**क. अपाङ्गताको प्रकार :**

अपाङ्गताको वर्गीकरणमा पनि एकरुपता छैन । सामान्यतः शारीरिक, दृष्टिहीनता, वहिरोपन र सुस्तः मनस्थिति गरि अपागतालाई ४ प्रकारमा विभाजन गर्ने गरिएको पाइन्छ । नेपाल सरकारले पनि अपाङ्गपन निर्धारण गर्न गठन गरेको समितिको सिफारिसमा शारिरीका अपाङ्गता, दृष्टिविहीन, दृष्टिदोषी, सुस्त मनःस्थिति, बहिरा र सुस्त श्रवण, मानसिक रोग भनी अपाङ्गताका प्रकारहरुको उल्लेख गरेको छ । तर सुस्त मनःस्थिति मानसिक रोग नभएर अवस्था हो । यसैले हिडडुल गर्न, देख्न, सुन्न कठिन हुने वा नसक्ने र शरीरका तुलनामा मानसिक विकास नभएको समुह गरि मुलतः४ भागमा नै वर्गीकरण गर्नु उपयुक्त देखिन्छ । दृष्टि दोषी र सुस्त श्रवणलाई क्रमशः दृष्टिहीन र बहिरा समुहभित्रै समेटेर हेर्ने गरेको पाइन्छ ।




स्रोतः अपाङ्ग समाज, २०६९

अतः अपाङ्गतालाई कतै -कतै मुख्य गरि ६ समुहमा विभाजन गरेर हेर्ने गरेको पनि पाइन्छ । जस अनुसार -

क) बुझाई तथा ग्रहणशिलता सम्बन्धि अपाङ्गता भएका व्यक्ति

ख) बहिरो वा कान सुन्नमा समस्या भएका व्यक्ति

ग) दृष्टि विहिन वा न्यून दृष्टि भएका व्यक्ति

घ) शारीरिक अपाङ्गता भएका व्यक्ति

ङ) मानसिक विमारी भएका व्यक्ति

च) अन्य अपाङ्गताहरु आदि (स्रोतः अपाङ्गता भएका व्यक्तिका लागि विशेषज्ञ सेवा,(२०६९), HANDICAP INTERNATIONAL NEPAL) ।

### १. शारिरीक अपाङ्गता (Phically Handicap)

जन्मदैदेखि वा पछि कुनै रोग वा दुरघटनाबाट शरीरको कुनै एउटा एक भन्दा धेरै अंग कमजोर भई हिडडुल लगाएत दिन चर्या गर्न कठिन हुने अवस्था शारीरीक अपाङ्गता हो । सेरेब्रेल पाल्सी पनि शारिरीक अपाङ्गताको एउटा प्रकार हो । सेरेब्रेल पाल्सी ( मस्तिष्कको पक्षघात) भएमा जन्मदै वा पछि कुनै रोगका कारण शरीरको केहि वा पुरै भाग अररो हुने, लुलोहुने, त्यस्तो भागमा नियन्त्रण वा सन्तुलन नहुने समस्याले दैनिक जिवन चर्यामा सकस हुन्छ ।

### २. दृष्टिहीनता (Blind)

दृष्टिहीनताको अर्थ देख्न नसक्नु हो । एउटा वा दुबै आँखाले आंसिक वा पुरै अवस्थामा राम्ररी  काम गर्न नसकी दैनीक जीवन यापनमा कठिनाई पर्ने अवस्था दृष्टिहीनता हो । यसमा पूरै नदेख्ने र आंसिक देख्ने गरी मुलतः २ प्रकारका व्यक्तिहरु हुन्छन् ।

पटक्कै नेदेख्नेहरु र कमदेख्नेहरुको समस्या र अवस्था भिन्न भिन्न  हुन्छ । पटक्कै नदेख्नेहरु सेतो छडिको प्रयोगद्धारा दैनिक जिवन चर्यालाई सहज बनाई रहेका हुन्छन् भने कम देख्नेहरु विभिन्न उपकरणहरुको (लेन्स जडित चश्मा) सहायताले जिवन यापनलाई सहज तुल्याईरहेका हुन्छन्  (रुपान्तरण , राष्ट्रिय अपाङ्ग महासंघ, २०१३) ।

### ३.बहिरोपन (Deaf)

कान नसुन्ने अवस्था बहिरोपन हो । यसमा पनि पटक्कै कान नसुन्ने र सामान्य भन्दा कम सुन्ने गरी २ प्रकारका अपाङ्गता देखिन्छ । पटक्कै नसुन्नेहरु मुखले बोल्न पनि सक्दैनन् भने अलिअलि सुन्ने वा पछि बहिरो भएकाहरु मुखले बोल्नत सक्तछन् तर कान भने सुन्न सक्दैनन् । यिनीहरु मध्ये कम सुन्नेहरुले उपहरणको सहायताबाट केहि मात्रामा सुन्न पनि सक्तछन् । तर केहि समय पछि स्वत बोली पनि बन्द हुने संभावना भने उत्तिकै रहन्छ ।

### ४. सुस्त मनस्थिति ( Mental Disorder)

उमेर अनुसारको बुद्धिको विकास नभएर स्वतन्त्र रुपमा दैनिक चर्या गर्न नसक्ने अवस्थालाई सुस्त मनःस्थिति भनिन्छ । यो शारिरीक अवस्था हो मानसिक रोग होइन । सुस्त मनःस्थितिबाहेक निको नहुने (छारे रोगका कारण)सामान्य जीवन विताउन असक्षम व्यक्तिहरुलाई पनि मानसिक अपाङ्गको कोटीमा राख्ने गरिएको छ ।

शिक्षा , स्वास्थ्य ,सञ्चार ,यातायात जस्ता आर्थिक सामाजिक सेवाहरु र रोजगारमा अपाङ्गहरुको पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । अर्थात यी सेवा र अवसर प्राप्त गर्न अपाङ्गहरुको अधिकार छ । राज्य, समाज र परिवारले सबैभन्दा पहिले अपाङ्गहरुको यो अधिकारलाई मान्यता दिनुपर्छ । यस्तैगरी स्थानीय निकाय र सरकारले यी अधिकार उपयोग गर्न सकिने अवस्था निर्माण गर्नुपर्दछ । अपाङ्गहरुको पहुँच र अवसर बढाउनु पर्छ भन्ने मान्यता राखेर समस्याहरु प्रति संवेदनशिल हुने हो भने यस्ता सामान्य उपाय र प्रविधि अपनाएर पनि महत्वपूर्ण काम हुन सक्दछन् । अपाङ्गहरुको पहुँचको अवसरलाई प्राकृतिक भुबनोटले घटाएको छ । तर सबै भन्दा ठुलो अवरोध त सामाजिक दृष्टिकोणमा छ । भौतिक वातावरणमा रहेका कमजोरी हटाउन पनि सामाजिक मानसिकतामा परिवर्तन हुनुपर्छ ।

**जनसाँख्यिक स्थिति**

नेपालमा अपाङ्गहरुको संख्या यति नै छ भनेर भन्न सक्ने कुनै किसिमको आधिकारीक तत्थ्याङ्क हाल सम्म प्राप्त हुन सकेको छैन । केवल अन्तराष्ट्रिय सघंसस्थाहरुले विभिन्न समयमा गरेका सर्वेक्षण र अध्ययन बाट नेपाल जस्ता विश्वका अति कम विकसित एवंम विकासन्मुख देशहरुमा कुल जनसंख्याको १०% अपाङ्गता छ भन्ने मान्यतालाई आधार बनाई नेपालमा पनि दश प्रतिशत अपाङ्गता छ भन्ने गरिएको पाहिन्छ तर यो आधार भने बास्तविकता भन्दा निकै टाढा रहेको अनुभव गर्न सकिन्छ । हाल हाम्रा अगाडि देखिएका बास्तबिक तथ्याङ्क हुन की मिथ्याङ्क भन्ने बहस चल्दै आइरहेको छ, जसले गर्दा अन्योलको सृजना भएको छ ।

विश्व स्वास्थ्य सँगठनको सन् १९८१ को भनाइअनुसार विकासशील राष्ट्रहरुमा कुल जनसँख्याको १० प्रतिशत अपाङ्गहरु हुन्छन् । यस भनाइअनुसार नेपालमा पनि कुल जनसंख्याको १० प्रतिशत अपाङ्गहरु रहेका छन् ( २४लाख )भन्ने गरिन्छ । सन् १९७१ को जनगणनाको नमुना सर्वेक्षण अनुसार कुल जनसंख्याको १.५ प्रतिशत अपाङ्ग रहेका छन् । त्यसैगरि सन् २००१ म राष्ट्रिय योजना आयोग बाट गरिएको सर्वेक्षणमा १.६३ प्रतिशत अपाङ्गहरु छन् भनिएको छ । राष्ट्रिय जनगणना २०५८ को सर्वेक्षणले कुल जनसंख्याको ०.४५ प्रतिशत मात्र अपाङ्गहरु रहेका छन् भनेको छ । तसर्थ यसरी फरक फरक तत्थ्याङ्क आउनुलाई कुन लाई आधिकारीक मान्ने यो एउटा जटिल प्रश्न हामी सामु रहेको छ ।

(रुपान्तरण चौमासिक, राष्ट्रिय अपाङ्ग महासंघ, २०१३)


तालिका १.विभिन्न अध्ययनबाट प्राप्त अपांङ्गता भएका व्यक्तिहरुको तथ्यांङ्क

| बर्ष | अध्ययन/सर्वेक्षण | अपाङ्गताको दर | अपाङ्गताको प्रकार | अध्ययन गर्ने सँस्था | कैफियत |
|---|---|---|---|---|---|
| | अपाङ्गता | १०% | चारै प्रकार | विश्व स्वास्थ सँगठन | |
| सन् १९८० | अपाङ्गता | ३% | चारै प्रकार | अन्तराष्ट्रिय अपाङ्ग वर्ष समिति१९८१ | |
| सन् १९८९ | सु:स्तमनस्थिति | ४.९०% | एक प्रकार | सुस्तमनस्थिति कल्याण सँख्या,हात्तिसार काठमाडौं | |
| सन् १९९५ | अपाङ्गता | ४.५५% | चारै प्रकार | शिक्षा तथा खेलकुद मन्त्रालय, केशरमहल,काठमाडौं | |
| सन्१९९५ | अपाङ्गता | ५.०४% | चारै प्रकार | By ISC in one Tarai district, Kanchanpur Only | तराईको कन्चरपुर जिल्ला मात्र |
| सन्१९९८ | अपाङ्गता | ८.९% | चारै प्रकार | Impact Nepal | पहाडी जिल्ला सिन्धुलीमा मात्र |
| सन् २००१ | Situation analysis of Disability in Nepal | १.६३% | चारै प्रकार | राष्ट्रिय योजना आयोग/ युतिसेफ | |
| सन् २००२ | राष्ट्रिय जन गणना | ०.४५% | चारै प्रकार | केन्द्रिय तथ्याङ्क विभाग | |
| सन् २००५ | अपाङ्गता सर्वेक्षण | ४.८७% | चारै प्रकार | जिल्ला विकास समिति,सुनसरी/वर्ल्ड भिजन ईन्टरनेशनल नेपाल | तराईको सुनसरी जिल्लामा मात्र |

स्रोतः राष्ट्रिय अपाङ्ग महासंघ- नेपाल, २०७०

## २.३ अवधारणात्मक ढाँचा

सन् १९६० को दशकको अन्त्यतिर केहि देशहरुमा अँपागहरुले अँपाग सम्बन्धि  नयाँ सिद्धान्त प्रतिपादन गर्न थाले । अँपागहरुले भोगेका समस्या र यस क्षेत्रको अनुभवको आधारमा विकासोन्मुख देशहरुको ध्यानाकर्षण भएपनि उक्त क्षेत्रमा अँपागहरु अत्यन्तै गरिब भएको पाहियो । सँयुक्त राष्ट्रसंघ, अन्तराष्ट्रिय मानव अधिकार बादी सँस्था, रेडक्रस आदि सघँ सस्थाहरुले अँपागहरुको विषयमा ध्यान केन्द्रित गरेपछि सन् १९८१ लाई अन्तराष्ट्रिय अँपाग बर्ष को रुपमा मनाउने घोषणा गर्न सयुँक्त राष्ट्रसघंको साधारण सभाले ३ डिसेम्बेर १९८० मा ३७ र ५२ सँकल्प द्धारा अँगिकार गरेको थियो । यसरी अन्तराष्ट्रिय अँपाग वर्ष मनाएपछि विश्वमा थुप्रै परिवर्तनहरुका सँकेतहरु देखापर्न सुरु गरे विश्वका हरेक राष्ट्रहरुले आ आफ्नै देशको स्रोत र साधन अनुसार ऐन कानुन निर्माण गरि आफ्ना कार्यक्रमलाई अगाडि बढाउन थाले । सँयुक्त राष्ट्रसघंले पनि यस विषयलाइ प्राथमिकताको सुचिमा राखि एक निश्चित नियमको रुपमा यसलाई अगाडि बढाउनु पर्ने आवश्यकताको महसुस गर्यो । अपाङ्गहरुलाई पनि राष्ट्रनिमार्णको मुल प्रवाहमा समान सहभागिता र समान हकका हिस्सेदार बनाउने उद्देश्य राखी सयुँक्त राष्ट्रसघको साधारण सभाले २० डिसेम्बर १९९३ आफ्नो ४८ औ बैठक द्धारा र सँकल्प (४८ र ९६) को प्रस्तावबाट अपाङ्गहरुको लागि अवसर समानीकरण सम्बन्धि प्रामाणिक नियमहरु पारित गर्यो । हरेक राष्ट्रप्रमुख ले यसमा हस्ताक्षेर गरि आ आफ्नो देशमा कार्यान्वयन गर्ने प्रंतिबद्धता जाहेर गरेका छन् (अपाङ्गहरुको लागि अवसर समानीकरण सम्बन्धि प्रामाणिक नियमहरु, पृ. १७, संयुक्त राष्ट्र संघ कार्यालय नेपाल, १९९३) । अतः यसै पृष्ठभूमिमा रहेर यस अध्ययनको निम्न अवधारणात्मक अध्ययन कार्य अगाडि बढाइने छ ।



# परिच्छेद तीन
# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्रको परिचय

यो अध्ययन काठमाण्डौं जिल्ला जोरपाटी गा.वि.स. वडा नं. १७ मा अवस्थित श्री खगेन्द्र नव जिवन विशेष शिक्षा मा.वि.मा गरिएको छ । जुन विद्यालयमा कक्षा १ देखि कक्षा १० सम्म अध्ययन हुने सामुदायिक विद्यालय हो । जसमा कुल विद्यार्थी संख्या ७३१ रहेको छ । कक्षा ९ र १० मा गरि जम्मा ३३ विद्यार्थीहरु अध्ययन गरिरहेका छन् । जस मध्ये त्यस दिन उपस्थित २५ जना विद्यार्थीहरु सबैलाई शिक्षकको सहयोगमा प्रश्नावली फारम वितरण गरिएकोमा जम्मा १९ जना बाट भरिएका प्रश्नावली फारमहरु प्राप्त भएका थिए । जसलाई नीतिगत आधारमा, पूर्वाधारको आधारमा र राज्यले प्रदानगरेका सुविधाहरुको आधारमा व्याख्या विश्लेषण गरिएको छ । यस विद्यालय पूर्णतया सरकारी दरबन्दिमा संचालित रहेको एक सामुदायिक विद्यालय हो । यस विद्यालयको संस्थापक अध्यक्ष स्वर्गिय खगेन्द्र बहादुर बस्नेत आफू पनि एक शारिरीक अपाङ्गताको पिडा भोगका एक समाजसेवी व्यक्ति रहेको र उनले आफ्नो सम्पति अपाङ्हरुको हितको लागि प्रयोग होस् भन्ने चाहानाले यस विद्यालयको स्थापना गरेको कुरा सम्बन्धित विद्यालयका प्र.अ. श्री राघव प्रसाद दवाडी बताउनु हुन्छ । स्थापना कालदेखि अपाङ्गता भएका विद्यार्थीहरु त्यसमा पनि शारिरीक अपाङ्गता भएका विद्यार्थीहरुलाई मात्र अध्ययन अध्ययन गराउदै आइएको पाहिन्छ । यस विद्यालयमा अपाङ्गता भएका विद्यार्थीहरुलाई लिन र घर सम्म पुऱ्याउनको लागि दुई वटा वसको समेत व्यवस्था गरिएको छ । जसको कारण विद्यालयमा अपाङ्गता भएका विद्यार्थीहरु क्रमशः बढ्दो क्रममा रहेको कुरा जानकारी भयो ।

## ३.२ अध्यनको ढाँचा

यो अध्ययनको लागि वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ । मुख्यत गुणात्मक तथ्यहरुमा आधारीत रहि विवरणात्मक शैलीमा अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाको लागि राज्यले गरेका प्रयासहरु भन्ने शिर्षकमा अध्ययन गरि आवश्यक सूचनाका लागि अपाङ्गता सम्बन्धि शैक्षिक ऐन, नियम, नियमावली अर्थात राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी प्रावधानहरुलाई आधार मानी यस शोध कार्यलाई सम्पन्न गरिएको छ ।

**३.३ नमुना छनौट**

यस अध्ययनको लागि आवश्यक तथ्य, सूचनाहरु संकलनको लागि प्राथमिक र द्धितिय दुबै तथ्यांङ्को सहयोग लिइएको छ ।

क) प्राथमिक तथ्यांङ्को लागि काठमाण्डौ जिल्ला जोरपाटी गा.वि.सं. मा रहेका श्री खगेन्द्र नव जिवन विशेष शिक्षा मा.वि. कक्षा ९ र १० का जम्मा १९ जना अपाङ्गता भएका विद्यार्थीहरु नमुनाको रुपमा लिइएको छ ।

ख) गैर सरकारी निकायहरु मध्ये राष्ट्रिय अपाङ्ग महासंघ बाट विभिन्न समयमा गरिएका अध्ययन अनुसंन्धान बाट प्राप्त अपाङ्गता सम्बन्धि प्रतिवेदनहरुलाई यस अध्ययनको लागि द्धितिय तथ्यांङ्कको रुपमा लिइएको छ ।

घ) यसैगरि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, समाज कल्याण परिषद् बाट प्राप्त अपाङ्गता सम्बन्धि सूचनाहरुलाई द्धितिय तथ्याङ्कको रुपमा उपयोग गरिएको छ ।

**३.३ अध्ययनका साधनहरु**

यस अध्ययनमा निम्न साधनहरुलाई प्रयोग गरिएको छ ।

क) प्रश्नावली फारम

यस अध्यनको लागि छनौट गरिएका विद्यार्थीहरुलाई शोधकर्ताले तयार पारेको प्रश्नावली भराइएको छ ।

ख) अन्तरर्वार्ता सूची

शोधकर्ताले विद्यालयका प्र.अ., शिक्षक, शिक्षिकाहरुलाई अनुसूचीमा उल्लेखित प्रश्नहरु सोधी आवश्यक सूचनाहरुलाई टिपोट गरिएको छ ।

ग) विद्यालय अवलोकन फारम

यस अध्ययनको लागि अपाङ्गता भएका बालबालिकाहरु अध्ययन गर्ने विद्यालय खगेन्द्र विशेष शिक्षा माध्यमिक विद्यालयमा अध्ययन कर्ता पुगि अनुसूचीमा उल्लेखित फारमको आधारमा प्रश्नहरु गरिएको । यसमा सम्बन्धित विद्यालयमा अपाङ्ग मैत्री कक्षाकोठा भए नभएको, शैक्षिक सामाग्री प्रयाप्त भए नभएको र धारा, ट्वाइलेट, खेल मैदान, प्र.अ.को कार्यकक्ष अपाङ्ग मैत्री भए नभएको आदि विषयहरुमा छलफल गरिएको र प्राप्त सूचनाहरुलाई शोधकार्यको व्याख्यामा समावेश गरिएको छ ।

**३.४ सूचना संकलन प्रक्रिया**

यस अध्ययनको लागि प्राथमिक र द्धितिय दुबै स्रोत बाट आवश्यक सुचना संकलन गरिएको छ । जसका लागि प्रश्नावली फारम, अन्तर्वार्ता, क्षेत्रभ्रमण आदि लाई प्राथमिक सूचना संकलन को रुपमा प्रयोग गरिएको छ । भने द्धितिय स्रोतको रुपमा पुस्तकालय अध्ययन, पत्रपत्रिका अध्ययन र नेपाल सरकारले अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाको विकासको लागि हाल सम्म गरेका प्रयासहरुलाई यस अध्ययको लागि मुख्य विषय बनाईएको छ । प्राप्त तथ्यहरुलाई वर्णनात्मक र विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

**३.५ सूचना विश्लेषण प्रक्रिया**

संकलित सुचनाहरुलाई मुलरुपमा गुणात्मक एवं आवश्यकता बमोजिम परिमाणात्मक रुपमा विश्लेषण र व्याख्या गरिएको छ । प्राप्त तथ्यहरुलाई तालिकाबद्ध रुपमा संख्या र प्रतिशतमा उल्लेख गरि व्याख्या र विश्लेषण गरिएको छ । गुणात्मक विधि अन्तर्गत तर्क संगत आधारमा सूचनाहरुको विश्वलेषण तथा व्याख्या गरिएको छ ।

# अध्याय चार

# तथ्यांङ्कको प्रस्तुति तथा विश्लेषण

## ४.१ अपाङ्ग  सम्बन्धी नीतिगत प्रावधानहरु

क) अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को दफा नं.१७ मा अपाङ्गहरुलाई काममा प्राथमिकता दिनुपर्ने, सरकार वा सरकारको पूर्ण वा अधिकाँश स्वाभित्वमा रहेका सँगठित सँस्थाहरुले अपाङ्गहरुको शिक्षा, तालिम र शारिरीक स्थिति अनुकुलको काममा तिनिहरुलाई प्राथमिकता दिनु पर्ने छ साथै सोहि दफाको २ नं.मा अपाङ्ग कर्मचारी र अन्य कर्मचारी विच पारिश्रमिक ,सुविधा र अन्य सेवाका शर्तहरुका सम्बन्धमा कुनै किसिमको भेदभाव गरिने छैन भन्ने कुरा उल्लेख छ भने सोहि दफाको १८ नं.मा आयकर छुट दिइने : १) अपाङ्गहरुलाई रोजगारी दिने कारखानालाई सो कारखानाले अपाङ्गलाई प्रदान गरेको तलव भत्ता वा अन्य कुनै सुविधा वा सहुलियतको अँकमा प्रचलित कानुनको प्रक्रिया पुर्याई पूर्ण रुपले आयकर छुट दिइने छ भन्ने कुराहरुको बारेमा उल्लेख गरिएको छ ।

ख) यसैगरि  अपाङ्ग सेवा राष्ट्रिय नीति, २०५४ को दफा ६ नं.मा रोजगार भन्ने शिर्षक उल्लेख गरिएको छ, जसमा भनिएको छ कि  क) कर्मचारी तथा मजदुर सँख्याको ५% मा नघटाई अपाङ्गहरुलाई योग्यता क्षमताको आधारमा नियुक्तिको व्यवस्था मिलाउने, त्यसैगरि ख) नेपाल सरकारले कुनै पनि निकायमा वा सँस्थाहरुमा नयाँ भर्ना लिदा कम्तिमा पाँच प्रतिशत अपाङ्गलाई  रोजगारी दिने,  ग) अपाङ्गहरुका लागि सरकारी गैर सरकारी तथा निजि क्षेत्रमा रोजगारीका लागि आरक्षणको व्यवस्था गर्ने भन्ने कुरा को उल्लेख गरिएको पाहिन्छ ।

ग) अपाङ्ग सम्बन्धि राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ को राष्ट्रिय नीति तथा कार्ययोजनाले अपाङ्गता भएका व्यक्तिहरुका लागि समावेशी, अवरोधमुक्त र अधिकारमा आधारित समाजको स्थापना गर्दै राष्ट्रिय विकासको मुल धारमा समाहित गर्ने दीर्घकालिन लक्ष्य लिएको छ ।यस अनुरुपका कार्यहरु निरन्तर एवं समन्वयात्मक  रुपमा कार्यान्वयन हुँदा अपाङ्गता भएका व्यक्तिहरुको जिवन निश्चय नै सहज र सम्मानित हुने विश्वास लिएको छ ।

नेपालमा सन् १९८२ (२०३९) मा पहिलो पटक सरकारले अपाङ्ग सम्बन्धि ऐन जारी गर्यो । यसले पहिलो पटक त्यस्ता  व्यक्तिहरुलाई विशेष अधिकार र सुविधा प्रदान गर्न निर्देश मात्र गरेन कि अपाङ्ता अधिकारको संरक्षण पनि गर्यो । यस ऐन मा उल्लेख भएअनुसार - अपांग व्यक्तिहरु भन्नाले त्यस्ता व्यक्तिहरुलाई जनाउँछ जो शारिरीक एवं मानसिक कारणले आफ्ना दैनिक कार्यहरु गर्न असमर्थ छन् । यसमा बोलाई, सुनाई, हाटखुट्टा  चलाउन नसक्ने र  सुस्तमनस्थिति भएका व्यक्तिहरुलाई जनाउँछ । साथै सरकारले विशेषज्ञहरुको समिति बनाई अपाङ्ताको विषयमा

विबाद भएका उचित निर्णय गरि समाधान गर्न सक्ने प्रावधान पनि छ यस ऐन मा राखिएको छ । उदाहरण को लागि यो भन्दा अघि प्रचलित कानुनमा अपाङ्गहरुलाई खुंडे, लाटो र पागल भन्ने गरिएकोमा यो ऐन बनेपछि हात, खुट्टा वा शरीरका कुनै अंगमा देखिने कमजोरीको अवस्थालाई शारीरिक अपाङ्ग (Physical disable), आँखामा हुने कमजोरीलाई दृष्टि विहिन(Blind), श्रवण सम्बन्धि समस्या भएकाहरुलाई बहिरा (Deaf) र शरीरमा दुई वा दुई भन्दा बढी अंगमा भएको कमजोरीको कारण उसलाई दैनिक दर्या गर्न कठिनाई हुने अवस्थालाई बहुअपाङ्ग भनिएको छ (स्रोतः रुपान्तरण, २०५६, राष्ट्रिय अपाङ्ग महासंघ-नेपाल) ।

तर उक्त ऐनको कार्यान्वयन गर्ने नियमावली भने १२ वर्षपछि बन्यो । जसको कारण अपाङ्गका अधिकारले लामो समय पछि मात्र स्थान पाउन थाले । सन् १९८२ को ऐन र त्यसपछि आएका नियमहरुले नयाँ अधिकार र सेवाहरु ल्याएका छन् । यसमा शिक्षा सम्बन्धि मुख्य प्रावधानहरु यहाँ उल्लेख गएिको छ । जसमा कुनै पनि शैक्षिक संस्थाले अपाङ्ग व्यक्तिलाई शैक्षिक शुल्क लिने छैनन् र व्यवसायिक एवं प्राविधिक शिक्षा प्रदान गर्ने सरकारी संस्थाहरुमा ५ प्रतिशत स्थान अपाङ्ग व्यक्तिका लागि आरक्षित गरिने छ । बौद्धिक अपाङ्गका लागि विशेष सुविधा मिलाइने छ । यसका साथै अपाङ्ग व्यक्तिहरुलाई शिक्षा तथा तालिम दिने संस्थाहरुले सरकारसँग सहयोग माग्नु पर्ने छ । यसै क्रममा सन् १९८१ मा शिक्षा, तालिम र पुनर्स्थापना कार्यक्रम गर्ने हेतुले अपाङ्ग सहायतता कोष स्थापना गरिएको थियो । यस कोषका लागि वर्षेनी ६० लाख छुट्याइने गरिएको र प्रत्येक अपाङ्ग विद्यार्थीहरुलाई मासिक रुपमा रु.१०० देखि ३०० सम्म शैक्षिक छात्रबृति दिइने गरेको पाइन्छ ।

### ४.१.१ अपाङ्ग बालबालिहरुको शिक्षामा पहुँचको अवस्था

अपाङ्ग बालबालिकाहरुको शिक्षामा पहुँचबारे आधिकारीक सरकारी तथ्याङ्कको अभावले गर्दा सही जानकारी पाउन अत्यन्त कठिन छ । युनिसेफ र राष्ट्रिय योजना आयोगले गरेको सर्वेक्षणमा कुल जनसंख्याको ४४ प्रतिशतको दाँजोमा ६८ प्रतिशत अपाङ्गले कुनै प्रकारको शिक्षा पाएका छैनन् (स्रोत : नेपालमा अपाङ्गहरुको वस्तुगत अध्ययन, युनिसेफ/राष्ट्रिय योजना आयोग,२०१२) । अर्को शब्दमा उनीहरुको शिक्षामा पहुँच दर पूरा जनसंख्याको भन्दा करिब २५ प्रतिशत भन्दा तल थियो । । ७७ प्रतिशत अशिक्षित महिलाहरुको दाँजोमा ६० प्रतिशत अशिक्षित पुरुषको आँकडा हेर्दा महिलाप्रतिको भेदभाव प्रष्ट देखिन्छ । शिक्षामा पहुँच नहुने अपाङ्गहरुको दर हिमाली प्रदेशमा धेरै छ । जहाँ ७७ प्रतिशत शिक्षा विहिन छन् । जवकी पहाडि भेगको ५८ प्रतिशतको दाँजोमा । विद्यालय प्रवेशमा पनि दुर्वलताको कारण छ : दृष्टिविहिनहरु भर्ना नै भएका थिएनन् भने शारिरीक अपाङ्ग ७१ प्रतिशत भर्ना भएका थिए । नेपाल अन्धाकल्याण संघका अनुसार ६ देखि १४ वर्षका लगभग ४० हजार दृष्टिविहिन मध्ये केबल १ हजार ५ सयले मात्र शिक्षा पाएका छन्, जुन केबल ३.७५ प्रतिशत मात्र हो । यो तथ्यबाट के प्रष्ट हुन्छ भने अपाङ्गका लागि लक्षित आवासिय प्रावधानले मात्र शिक्षासँग सम्बन्धित अनावश्यक भेदभाव निर्मुल गर्न सकिदैन । यो सर्वेक्षणले अपाङ्ग बालबालिकाको शिक्षा क्षेत्रमा क्रमिक सुधार हुँदै गएको देखाएको छ । उदाहरणका लागि १०-१४ वर्षका बालबालिका मध्ये ३४ प्रतिशतले मात्र शिक्षा पाएका थिएनन् । २५-२९ वर्षका र ६५ वर्ष माथिका ६२ प्रतिशत र ९२ प्रतिशतको दाँजोमा तर यो केबल

प्राथमिक शिक्षाको तहमा मात्र सिमित छ । शिक्षा विभागका अनुसार अपाङ्ग बालबालिकाहरुले देशमा केही भागमा विशेष शिक्षा पाइराखेको अवस्था छ (बास्तोला, २०७०) ।

सर्वोच्च अदालतले २०६० कार्तिक २८ गते तत्कालिन मन्त्रि परिषद् सचिवालय, शिक्षा मन्त्रालय, शिक्षा विभाग, विशेष शिक्षा परिषद्को विरुद्धमा र उच्च माध्यमिक शिक्षा परिषद् , रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाल ल क्याम्पस, पृथ्वी नारायण क्याम्पस पोखरा, सानोठिमी क्याम्पस, विशेष शिक्षा इकाईको बिपक्षमा उक्त मुद्दा थियो । जुन मुद्दाको फैसलामा अपाङ्गता भएका व्यक्तिहरुमा शिक्षाको अधिकारको जानकारी साथै अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिक तह देखि उच्च शिक्षा सम्म कुनै पनि किसिमको शुल्क नलिनु भन्ने आदेश गरेबाट अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा सम्बन्धि चेतनाको विकास भएको पाइन्छ । सरकारको तर्फ बाट पनि अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षाका कार्यक्रमहरु क्रमशः बढाउँदै लगेको र शिक्षा मन्त्रालयको कार्यक्रममा छात्रबृत्ति, विशेष शिक्षा तथा समाहित शिक्षा कार्यक्रमहरुले पनि यसमा प्रभाव पारेको हो । विद्यालयलाई अपाङ्ग मैत्री बनाउने कार्यक्रम, बहिराहरुकालागि सांकेतिक भाषा र दृष्टिविहिनहरुकालागि ब्रेल लिपीको व्यवस्था आदि कार्यमा केही हदसम्म भएपनि सरकारी कार्यक्रमहरु कार्यान्वयन भएका हुनाले पनि शिक्षा सम्बन्धि विषयले प्राथमिकता पाएको देखिन्छ ।

### ४.१.२ अपाङ्गता सम्बन्धि राष्ट्रिय कानुनी प्रावधानहरु

हाल मुलकमा सरकारी, गैर सरकारी र निजी क्षेत्रमा अपाङ्ग व्यक्तिहरुको न्युन रोजगारिको बिद्यमान स्थितिमा सुधार ल्याउन सरकारी निकाय र गैर सरकारी सघं सँस्थाहरुमा अपाङ्गहरुका निमित्त तालिम र रोजगारी सुनिश्चित गर्न सकारात्मक विभेदको नीति लिईने छ । रोजगारीको लागि सरकारी गैर सरकारी लगाएतका हरेक क्षेत्रमा ५% कोटा र तालिमको लागि दश प्रतिशत कोटा आरक्षण गरिने कानुनी व्यवस्था प्रंभावकारी बनाइने छ । अपाङ्गहरुको व्यवसाहिक प्रवर्द्धनका निमित्त व्यवसाहिक एवँ सीपमुलक तालिमलगाएत सहज लघु ऋणको प्रवाह गरी उद्यमशीलता एवँ स्वावलम्बीपनाका लागि कार्य गरिनेछ ।

अपाङ्गको पहुँचलाई सुगम र सरल तुल्याउन सार्वजनिक महत्वका भौतिक संरचनाहरु (चत्र हल, बैंक ,विद्यालय , अस्पताल , कार्यालय , सडकपेटी , ट्राफिक चिन्ह , बस , ठुला भवन आदी ) निर्माणको लागि नक्साँकन गर्दा, स्वीकृति दिदाँ अपाङ्गहरुको सहज पहुँच, अपाङ्ग मैत्री ( Disabled Friendly) हुने किसिमले निर्माण मापदण्ड नीति अवलम्वन गरिने छ ।

## क) नेपालको अन्तरिम सँविधान,२०६३ मा अपाङ्गताको बिषयमा रहेका संवैधानिक प्रावधानहरु

भाग ३ मौलिक हकको धारा १८ रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धि हक उपधारा २ः महिला, श्रमिक, बृर्द्ध, अपाङ्ग तथा अशक्त र असाय नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

- भाग ४ राज्यको दायित्व धारा ३३ को उपधारा घ १ः मुलुकको राज्य संरचनाका सबै अँगहरु मधेसी,दलित, आदिबासी जनजाति ,महिला ,मजदुर,किसान, अपाङ्ग,पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागि गराउने ।
- भाग ४ राज्यका नितिहरुको धारा ३५ को उपधारा ९ : राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय , बृद्ध, अपाङ्ग, असक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने निति अवलम्वन गर्ने छ ।
- भाग २२ विविध धारा १५४ आयोगको गठन : नेपाल सरकारले महिला, दलित, आदिबासि जनजाति, मधेसी, अपाङ्ग, मजदुर वा किसान लगाएत विविध क्षेत्रको हकहितको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक आयोगहरु गठन गर्न सक्नेछ । त्यस्ता आयोगहरुको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धि कानुन द्धारा निर्धारण भएबमोजिम हुनेछ ।
- भाग ४ राज्यका नितिहरुको धारा ३५ को उपधारा १४ : राज्यले महिला, दलित, आदिबासि जनजाति, मधेसी, मुस्लिम लगाएत अल्पसंख्यक, भुमिहिन, सुकुम्बासि, कमैया, अपाङ्ग ,पिछडिएको क्षेत्र तथा समुदाय र द्धन्द्ध पीडीतका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने निति अवलम्बन गर्ने छ ।

(स्रोत : नेपालको अन्तरिम संविधान, २०६३)

विश्व स्वास्थ्य संगठनले सन् २०११ मा सार्वजनिक गरेको अपाङ्गतासम्बन्धि विश्व प्रतिवेदनले विकासोन्मुख देशहरुमा कुन जनसंख्याको १५ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेको अनुमान गरेको छ । यसका आधारमा नेपालमा करिब ४० लाख अपाङ्गता भएका व्यक्तिहरु रहेको अनुमान गर्न सकिन्छ, जसमा सामान्य अपाङ्गता भएका व्यक्तिदेखि पूर्ण असक्त अपाङ्गता भएका व्यक्तिहरु समेत पर्दछन् । आफूलाई अपाङ्गताको वर्गीकरणमा पार्न नचाहने सामान्य अपाङ्गता भएका व्यक्ति र अपाङ्गता भएर पनि राष्ट्रिय वर्गीकरणमा नपरेका व्यक्तिहरुलाई नेपालमा गणनाको दायरामा ल्याउन सकिएको छैन ।

राष्ट्रिय जनगणना-२०६८ अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन् । देशको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको गणनामा ५ लाख १३ हजार ९९३ जना अपाङ्गता भएका व्यक्ति रहेको उल्लेख गरिएको छ । राष्ट्रिय जनगणना-२०५८ मा अपाङ्गता भएका व्यक्तिहरु ०.४६ प्रतिशत रहेको तथ्यांङ्क भन्दा २०६८ को जनगणनाले तथ्यांङ्कमा केही प्रतिशत प्रगति देखाए पनि अझै यो तस्विर विभिन्न कारणले यथार्थपरक हुन सकेको छैन । अपाङ्गता भएका व्यक्तिहरु मध्ये ५४.४६ प्रतिशत पुरुष र ४५.४४

प्रतिशत महिला भएको देखिन्छ । कुल जनसंख्यामा भने  महिलाको संख्या ५१.५० र पुरुषको संख्या ४८.५० रहेको छ । यसबाट अपाङ्गताको दर महिलाभन्दा पुरुषमा बढि रहेको देखिन्छ । जसको कारण आर्थिक, सामाजिक र  वंशाणुगत पक्षलाई मान्न सकिन्छ । अपांगता भएका व्यक्तिहरु मध्ये ३६.३२ प्रतिशत शारिरीक अपाङ्गता, १८.४६ प्रतिशत दृष्टि सम्बन्धि अपाङ्गता, १५.४५ प्रतिशत सुनाइसम्बन्धि अपाङ्गता, १.४८ प्रतिशत श्रवण-दृष्टिविहिन अपाङ्गता, ११.४७ प्रतिशत स्वर बोलाईसम्बन्धि अपाङ्गता, ६.०४ प्रतिशत मानसिक अपाङ्गता, २.९० प्रतिशत बौद्धिक अपाङ्गता र ७.५२ प्रतिशत बहु अपाङ्गता  भएको जनगणनाको तथ्याङ्कले देखाएको छ (स्रोत : बुलेटिन, केन्द्रीय तथ्याङ्क विभाग, २०६९) ।

## ख) शिक्षा ऐन, २०२८ (सातौं संशोधन) मा व्यवस्था

शिक्षा ऐन, २०२८ को (सातौं संशोधन) को दफा ६(क) मा विशेष शिक्षाको सञ्चालन साधारण शिक्षासरह हुने उल्लेख छ । शिक्षा नियमावली, २०४९ को ६० मा दृष्टिविहिन, बहिरा, बौद्धिक अपाङ्गता  भएका र शारीरिक रुपको कारणले अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षा प्रदान गर्न सकिने र नियम ६६ मा विशेष शिक्षा दिने संस्थालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम सुविधा  दिइने उल्लेख छ । त्यहि नियमावलीको १५१(२) मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा ५ प्रतिशत गरीब, अपाङ्गता भएका व्यक्ति महिला, दलित र जनजाति समुदायका विद्यार्थीलाई छात्रबृत्ति उपलब्ध गराउने नीतिगत व्यवस्था छ । अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को दफा १५(१) र (२) मा अपाङ्गता भएका व्यक्तिलाई शिक्षा एवं तालिमको व्यवस्था  गर्ने संस्थालाई मन्त्रालयले सहयोग उपलब्ध गराउने उल्लेख  छ । हाल करिब ७३ हजार जति विद्यालय जाने उमेरका अपाङ्गता भएका बालबालिकाले सार्वजनिक विद्यालयमा अध्ययन गर्ने अवसर पाइरहेको कुरा फ्ल्यास रिपोर्टमा उल्लेख छ । करिब २०० जना अपाङ्गता भएका व्यक्तिले स्नातकोत्तर, ९०० जतिले स्नातक, करिब २ हजार जतिले उच्च माध्यमिक र करिब ६ हजार जतिले प्रवेशिका (एस.एल.सी.) उर्तिण गरेको अनुमान गरिएको छ ।

दृष्टिविहिन, बहिरा तथा सुस्तश्रवण र बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका शिक्षा विभाग अन्तर्गत मुलुकभरि  ३६५ स्रोत कक्षा सञ्चालन भइरहेका छन् । शिक्षा विभागबाट उपलब्ध गराउँदै आएको चार प्रकारको छात्रबृत्ति र विशेष विद्यालय अनुदान बाट ६ हजार २०० जति अपाङ्गता भएका बालबालिकाले विद्यालयमा अध्ययन गर्ने अवसर पाएका छन् । शिक्षा विभागले ७५ रै जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुलाई छात्रबृत्ति प्रदान गरेको छ भने अपाङ्गता भएका बालबालबालिका का लागि निःशुल्क पाठ्यपुस्तक, शिक्षण सामाग्री एवं उपकरणहरु वितरण गरेको  छ । साथै सबै जिल्लामा अपाङ्गता भएका बालबालिकाका लागि लेखाजोखा केन्द्र स्थापना भएको छ । समावेशी शिक्षाको कार्यक्रम ७४ जिल्लाका ४११ विद्यालयमा सञ्चालन भइरहेको छ । यसैगरि शिक्षा नियमावली अगायतका अन्य ऐनहरुमा उल्लेख गरिएका प्रावधानहरु निम्न अनुसार संक्षिप्त रुपमा उल्लेख गर्न सकिन्छ ।

**शिक्षा नियमावली, २०५१** ले सरकारलाई अपांग व्यक्तिहरुका लागि विशेष नियम तर्जुमा नर्गे अधिकार प्रदान गरेको छ

- **समाज कल्याण नियमावली, १९९२** ले सरकारलाई अपांग बालबालिकाका लागि विशेष कार्यक्रम तर्जुमा गर्न सशक्तिकरण गरेको छ र यो ऐन लागु गर्न समाज कल्याण परिषद् स्थापना भएको छ ।
- **बाल संरक्षण ऐन सन् १९९२** बाल अधिकार सम्बन्धि महासन्धि कार्यान्वयन गर्न ल्याइएको हो । यसले अपांग बालबालिका प्रति भेदभाव गर्न नमिल्ने र बाबु आमाले उनलाई स्याहार-सुसार दिन नसकेको खण्डमा अपांग बालबालिकाहरु सरकारी बालगृहमा बस्न सक्ने प्रावधान ल्यायो र सरकारले उनीहरुलाई उचित शिक्षा प्रदान गर्नुपर्ने छ ।
- **स्थानिय स्वायत्त-शासन ऐन सन् १९९९** ले विपन्न जनता एवं बालबालिकाको सुरक्षा एवं सहयोगको निम्ति कार्यक्रम गर्न गाउँ विकास समिति लाई अधिकार प्रत्यायोजन गरेको छ । यस अन्तर्गत २० प्रतिशत बजेट मानव श्रोतमा लगानी गर्नुपर्ने छ साथै अपांग बालबालिकाको अभिलेख दुरुस्त राख्ने र आवश्यक परेको खण्डमा समायोजन गर्ने जिम्मेवारी पनि तोकेको छ ।

राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार नेपालमा हालसम्म कुल साक्षरता ६५.९ प्रतिशत छ । त्यस मध्ये पुरुष साक्षरता दर ७५.५ प्रतिशत छ र महिला साक्षरता ५७.७ प्रतिशत छ । अपाङ्गता भएका व्यक्तिको सहि तथ्याङ्क कहि कतै स्पष्ट रुपमा उल्लेख गरेको पाइदैन । तर एक अध्ययन अनुसार जम्मा विद्यालयको पहुँच सम्म पुग्न सफल भएका अपाङ्गहरुको प्रतिशत ११ प्रतिशत मात्र रहेको कुरा अनौपचारिक रुपमा गरिएको सर्वेक्षणले देखाएको थियो । जुन कुरा संयुक्त राष्ट्रसंघिय बाल कोषले सन् २)१३ मा विश्वका बालबालिकाहरुको अवस्था भन्ने प्रतिवेदनमा यो कुरा उल्लेख भएको पाहिन्छ । अपाङ्गता भएका हरुको साक्षरता अत्यन्त न्युन रहेको पाहिन्छ । सबै भन्दा उच्च साक्षरता भएको जिल्ला काठमाण्डौं हो । यहां साक्षरता ८६.३ प्रतिशत छ त्यस्तै सबै भन्दा कम साक्षरता भएको जिल्ला रौतहट हो । यहाँ साक्षरता ४१.७ प्रतिशत छ । अनौपचारिक शिक्षा नीति, २०६३ ले देशमा साक्षरता विकासका लागि केही नीति तय गरेको छ जसअनुसार निरक्षरता उन्मुलन गर्न साक्षरता अभियानलाई प्रमुख आधार बनाइएको छ । जसमा अपाङ्गता भएका बालबालिकाहरुको विषयले पनि स्थान पाएको थियो । प्रौण साक्षरताका लक्ष्य हासिल गर्न विकेन्द्रीकरण, सशक्तिकरण, निजि क्षेत्र तथा राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँगहरुको साझेदारीलाई केन्द्रविन्दु बनाए बनाइएको छ । बिद्यालय बाहिर रहेका अपाङ्ग बालबालिकाहरुलाई , आधारभुत साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा हुँदै कक्षा १० सम्मको औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गरिएको छ । सामुदायिक अध्ययन केन्द्रलाई अनौपचारिक शिक्षाका सम्पूर्ण क्रियाकलाप जस्तै चेतना अभिबृद्धि, साक्षरता, अपाङ्ग् साक्षरता, बाल विकास केन्द्र, बैकल्पिक विद्यालय र आवश्यकतामा आधारित तालिम सञ्चालन गर्ने थलोको रुपमा विकास गरिने छ ।

अनौपचारिक शिक्षा नीतिमा २०६३ मा अनौपचारिक शिक्षा क्षेत्रमा संलग्न संस्थाहरु बीचमा स्रोत आर्जन र परिचालनका लागि सञ्चालन, समन्वय र साझेदारी कायम गर्ने व्यवस्था गरिएको छ । अनौपचारिक शिक्षा केन्द्रको

सञ्चालन, समन्वय, सहकार्य र साझेदारीका लागि केन्द्र विन्दुका रुपमा काम गर्दछ । राष्ट्रिय र अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले अनौपचारिक शिक्षा क्षेत्रमा संलग्न संस्थाहरुलाई आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराएका छन् । शिक्षा नियमावली २०५९ मा व्यवस्था भए अनुसार औपचारिक विद्यालयहरु बाट पढ्न र लेख्न नपाएका अपाङ्गता भएकाहरुका लागि अनौपचारिक बैकल्पिक मोड बाट शिक्षा प्रदान गरिने छ । नेपालको अन्तरिक संविधान, २०६३ ले आधारभुत तहको शिक्षा मातृभाषामा लिन पाउने मौलिक हकको सुनिश्चिता प्रदान गरेको छ । यसका लागि साक्षरतामा प्रयोग हुने पाठ्यपुस्तकलाई क्रमश विभिन्न मातृभाषामा तयार गरिएको छ ।

अनौपचारीक शिक्षा केन्द्रको उद्देश्य राष्ट्रिय शिक्षा नीति अनुरुप साक्षरता, साक्षरोत्तर शिक्षा, विशेष शिक्षा, निरन्तर शिक्षा तथा सिपमुलक शिक्षा अभिबृद्धि र विस्तारका लागि अनौपचारिक शिक्षाका समग्र पक्षहरु समेटी बार्षिक कार्ययोजना तथा कार्यक्रम निर्माण गरि सुव्यस्थित रुपमा देशभर लागु गर्नु रहेको छ । यस उद्देश्य प्राप्तीका लागि केही उल्लेख्य कार्यक्रमहरु संचालनमा ल्याइएको छ । अनौपचारिक शिक्षा केन्द्रबाट सन् २०१५ सम्म मुलुकबाट निरक्षरता उन्मुलन गर्ने उद्देश्यले साक्षर नेपाल अभियान घोषणा गरिएको छ र यसको उद्देश्य पुरा गर्न विभिन्न लक्षित समुहको लागि फरक मोडेलका साक्षरता कार्यक्रमहरु सञ्चालन गरिएका छन् । जहाँ अपाङ्गता भएका बालबालिकाहरुको लागि शिक्षाको पाठयक्रम निर्धारण, पाठयपुस्तकको निर्माण उत्पादन तथा वितरण गरिएको छ त्यस्तै सरकारी तथा गैर सरकारी संघ संस्थाहरुद्धारा सञ्चालित विशेष शिक्षा , अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा निर्धारित लक्ष्य हासिल सबै प्रकारका बालबालिकाहरुलाई निशुल्क पाठयपुस्तक उपलब्ध गराई सहयोग तथा प्रोत्साहन गर्ने व्यवस्था मिलाइएको छ । २००४ सालबाट शुरु भएको साक्षरता शिक्षा २०७० सम्म आई पुग्दा ६५.९ प्रतिशतमा आई पुगेको छ तैपनि देशबाट निरक्षरता उन्मुलन गर्न सहज देखिदैन । १५ वर्षमुनीका स्कुल बाहिरका बालबालिकाहरु त्यसमा पनि अपाङ्ता भएकालाई शिक्षाको मुलधारमा ल्याउनु त्यतिकै चुनौति पूर्ण छ र स्कुल बाट डप आउट हुने केटाकेटीहरुको संख्या पनि निकै नै रहेको छ । सरकारी र गैर सरकारी निकायहरु बाट निरक्षरता उन्मुलन गर्न प्रयास नगरिएका होइनन् तर उल्लेख्य कारण चुनौतीको रुपमा तेर्सिएका छन् । साक्षरता नेपाल अभियानको यथेष्ट प्रचार प्रसार हुन सकेको छैन । निरक्षरका लागि आवश्यक श्रब्य र दृश्य प्रचार सामग्रीको अभाव छ । कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुमा समन्वयको विकास हुन सकेको छैन । साक्षरता कक्षा पुरा गरेकाहरुका लागि साक्षरोत्तर कक्षाहरुको कमी छ । साक्षरतालाई व्यक्तिगत र सामाजिक समस्याहरु सँग जोड्न सकिएको छैन । स्कुल शिक्षाबाट बन्चित अपाङ्ग बालबालिकाहरु सबैलाई अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा समेट्न सकिएको छैन । त्यसैले देशलाई पूर्ण साक्षर बनाएने दिशा तर्फ नागरिक समाज राजनीति पार्टी लगायतका आम सरोकारका निकाय, सञ्चार माध्यम, शिक्षक, विद्यार्थी सबैले साक्षर नेपाल अभियानको मर्मलाई आत्मसात गरि यस महान अभियानमा संलग्न हुनु आवश्यक छ । देश विकासको यस महत्वपूर्ण अनुष्ठानलाई राष्ट्रिय महोत्सवका रुपमा अंगिकार गरी सफल बनाउनु हामी सबै नागरिकको दायित्व हो ( स्रोतः गोरखापत्र, २४ भदौ २०७०, साक्षरता अभियान, पृ.७ )

### ४.१.३ नीति सम्बन्धी विद्यार्थीहरुको प्रतिक्रियाहरु

अपाङ्गनीति सम्बन्धमा विद्यार्थीहरुको प्रतिक्रियाहरु बुझ्नको लागि अपाङ्ग सम्बन्धी नीति बारे जानकारी छ वा छैन भन्ने जिज्ञासामा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो ।

तालिका नं. २

अपाङ्ग नीतिको जानकारी बारे विद्यार्थीहरुको प्रतिक्रिया

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | नीतिहरुको जानकारी छ । | ९ | ५० |
| २. | नीतिहरुको जानकारी छैन । | ९ | ५० |
| | जम्मा | १८ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७०

माथिको तालिकामा अपाङ्गता सम्बन्धी नीतिको बारेमा विद्यार्थीहरुमा जानकारीको अवस्था के कस्तो छ भन्ने उद्देश्यले नीतिहरुको जानकारी छ भन्नेहरुमा ९ जना र नीतिहरुको बारेमा जानकारी छैन् भन्नेहरुमा पनि ९ जना रहेको देखिन्छ । यस कारण सोधिएका विद्यार्थीहरुमा ५० प्रतिशतलाई जानकारी रहेको र ५० प्रतिशतलाई जानकारी नरहेको देखिन्छ ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघिय महासंन्धी, CRPD, 2006 को बारेमा जानकारी छ की छैन भन्ने जिज्ञासामा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो ।

तालिका नं. ३

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघिय महासंन्धी, CRPD बारे जानकारी

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जानकारी छ | ८ | ४२ |
| २. | जानकारी छैन | ११ | ५८ |
| जम्मा | | १९ | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका बाट अधिकांश अपांगता भएका नागरिकहरुलाई अझै पनि सी.आर.पि.डी. बारे जानकारी नभएको कुरा यस अध्ययनबाट ज्ञात हुन आउँछ । जहाँ जानकारी छ भन्नेको प्रतिशत ४२ र जानकारी छैन भन्नेको प्रतिशत ५८ रहेको छ । यस बाट सरोकारवालामा अझै पनि आफ्ना आधिकारको बारेमा प्रयाप्त जानकारी हुन नसकेको देखिन्छ ।

### ४.१.४. नीतिगत सबल र कमजोर पक्षहरु

हरेक नीति र कार्यका आफ्नै सबल र कमजोर पक्षहरु हुन्छन् । ती सबल पक्षहरुलाई व्यवहारमा कार्यान्वयन गर्दै जानुपर्दछ भने कमजोर पक्षहरुलाई विस्तारै हटाउँदै आगामी दिनहरुमा यस्ता कमजोरीहरु नदोर्‍याउने प्रतिवद्धता गर्नु पर्ने र नीगिगत रुपमा रहेका कमजोर पक्षहरुलाई पनि क्रमश सुधार गर्दै जानु पर्दछ । अतः यहाँ पनि निम्न नीतिहरुका सबल पक्षहरु र कमजोर पक्षहरुको बारेमा तुलनात्मक विश्लेषण गरि यहाँ प्रस्तुत गरिएको छ ।

तालिका ४

अपाङ्गता सम्बन्धी नीतिका सबल र कमजोर पक्षहरु

| क्र.सं. | नीतिहरु | सबल पक्ष | कमजोर पक्ष |
|---|---|---|---|
| १. | अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ तथा नियमावली, २०५१ | वि.सं. २०३९ सालमा नै सबैतहको शिक्षामा कुनै किसिमको शुल्क लिन नपाइने व्यवस्था । | ऐन बनेको १२ वर्ष पछि मात्र नियमावली बन्नु । |
| २. | अपाङ्ग सेवा राष्ट्रिय नीति, २०५४ तथा कार्ययोजना, २०५३ | भौतिक पूर्वाधारमा अपाङ्मैत्रीमा जोड दिने र । | व्यवसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्ने सरकारी संस्थाहरुमा ५ प्रतिशत आरक्षीत गरिने कुराको प्रावधान आफैमा दोहोरो अर्थ लाग्ने देखिन्छ । |
| ३. | भौतिक संरचना तथा संचारसेवा निर्देशिका, २०६९ | अधिल्लै नीतिको निरन्तरता | कसैले निर्देशिकालाई व्यवास्ता गरि त्यस्ता सार्वजनिक स्थलमा भौतिक संरचना बनाएमा त्यस्ता निकायलाई दण्डित गर्न सक्दैन किनकी यो त नैतिक आधार मात्र हो । |
| ४. | नेपालको अन्तरिम संविधान, २०६३ | भग ७ को उपधारा १४ अपाङ्ग लगायतका अन्य व्यक्तिहरु कानुनमा व्यवस्था भए अनुसार सुविधा प्रदान गरिने छ । | |

स्रोत : दस्तावेज अध्ययन, २०७०

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१, शिक्षा ऐन, २०२८(सातौं संशोधन) र नियमावली, २०५९ ले अपाङ्गता भएका बालबालिकालाई निःशुल्क शिक्षाको प्रावधान तोकेपनि बहुसंख्यक अपाङ्गता भएका बालबालिकाले सर्वसुलभ, निःशुल्क र घरपायक पर्ने विद्यालयमा पढ्ने अवसर पाएका छैनन् । यसका साथै अपाङ्गता भएका बालबालिकाको शिक्षा अझै पनि अपेक्षितरुपमा पहुँचयुक्त र जीवनोपयोगी हुनसकेको छैन ।

शिक्षालाई अनिवार्यरुपमा मौलिक अधिकारभित्र व्यवस्थित गरिए पनि नेपालले अन्तराष्ट्रिय समुदायसमक्ष सन् २०१५ सम्ममा "सबैका लागि शिक्षा"(Education For All) पुऱ्याउने प्रतिवद्धता पूरा हुने अवस्था देखिदैन । हाल अपाङ्गता भएका बालबालिकाहरुको विद्यालय भर्नादर करिब ६ प्रतिशतमात्र रहेको छ (स्रोतः पोखरेल, २०६९) । यस अर्थमा विद्यालयमा अपाङ्गता भएका बालबालिकाको अवस्था के छ भन्ने सहजै अनुमान गर्न सकिन्छ । यसका साथै विद्यालय सम्म पुगिसकेका यस्ता बालबालिकाको स्तरोन्नत र जीवनोपयोगी शिक्षाको अभावमा विद्यालय छाड्न बाध्य हुनेगरेका छन् । प्राथमिक शिक्षा प्राप्त गरेका अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिका सरह माध्यमिकतहको शिक्षामा अपेक्षित संख्यामा पहुँच पुग्न सकेको छैन । सांकेतिक भाषाका दोभाषेको व्यवस्था र प्रर्याप्त सांकेतिक भाषाको शब्दावली (Vocabulary) नहुनाले बहिराहरुको उच्च शिक्षामा अपेक्षित मात्रामा पहुँच पुगेको छैन भने दुष्टिविहिनहरुका लागि ब्रेल पाठ्यपुस्तक सहजरुपमा तथा सुन्ने किताब (Digital Taking Book) नहुनाले उच्च शिक्षा प्राप्त गर्नमा कठिनाई भइरहेको छ । अपाङ्गता भएका व्यक्तिहरुका लागि जीवन उपयोगी प्राविधिक र व्यवसायिक शिक्षाको पर्याप्त व्यवस्था हुनसकेको छैन् (पोखरेल, २०६९) ।

शिक्षा मन्त्रालयद्धारा सञ्चालित स्रोत कक्षाहरुमा रहेका बौद्धिक अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिका सरह माथिल्लो कक्षामा पुग्न सकेका छैनन् । स्रोत कक्षाको वातावरण बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक र सामाजिक विकास तथा पहुँचका दृष्टिले पर्याप्त अनुकुल हुन सकेको छैन । पर्याप्त तालिम प्राप्त शिक्षक नभएकाले अवस्था चिन्ताजनक छ । शिक्षा मन्त्रालय अन्तर्गत विशेष शिक्षा परिषद् र गैर सरकारी संस्थाहरुद्धारा सञ्चालित विशेष शिक्षाका कार्यक्रमहरु बीच अपेक्षित समन्वयको अभाव छ । अपाङ्गताको क्षेत्र अनुकुल लचिलो पाठ्यक्रमको व्यवस्था नभएको अवस्था छ । दृष्टिविहिन, बहिरा अनुकुल परिक्षा प्रणाली र बौद्धिक अपाङ्गता अनुकुल पाठ्यक्रम नहुँदा मुल्यांकन पद्धतिमा कठिनाई भएको छ । समावशी शिक्षा अनुकुल तालिमको व्यवस्था प्रर्याप्त नभएको अवस्था छ (पोखरेल, २०६९) ।

### ४.१.५ अपाङ्गता सम्बन्धि नीतिमा सुधार गर्नुपर्ने पक्षहरु

सबैका लागि शिक्षाको सन्दर्भमा अपाङ्गता भएका बालबालिकाका लागि गुणात्मक शिक्षाको अवसरहरुमा पहुँच बढाउन पर्याप्त व्यवस्था गर्नु पर्ने देखिन्छ । अपाङ्गता भएका बालबालिकालाई सर्वसुलभ एवं अपाङ्गता अनुकुल शिक्षा प्रदान गर्न पूर्वप्राथमिक र शिशु तहदेखि उच्च तहसम्म गुणस्तरयुक्त निःशुल्क शिक्षा प्रदान गर्ने नीति लिइनु पर्दछ । शिशु एवं बालबालिकाको अवस्था पहिचान, अविलम्ब परामर्श र सहयोगसम्बन्धी कार्य रणनीतिको पाँचौं लक्ष अनुसार गर्नु पर्दछ । उमेर पुगेका अपाङ्गता भएका व्यक्तिहरुका लागि अनौपचारीक र जीवनोपयोगी शिक्षा प्रदान गरिनु पर्दछ । अपाङ्गता भएका बालबालिकाको अध्ययन अवसरमा अभिबृद्धि गर्न एवं गुणस्तीय शिक्षाका लागि  समावेशी शिक्षा पद्धति अपनाइनु पर्दछ । विद्यालयहरुमा अपाङ्गता अनुकुल पूर्वाधार तयार पारी अपाङ्गता भएका बालबालिकालाई घरनजिकैको विद्यालयमा पढ्ने अवसर एवं समावेशी शिक्षा कार्यक्रम क्रमशः लागु गर्नु पर्दछ । बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षा परिषद्को कार्यविधि भित्र पर्नेगरि उपयुक्त पाठ्यक्रम र पाठ्य सामाग्री तयार गरी निरन्तर मुल्यांङ्कन पद्धति अपनाउँदै अपाङ्गता भएका बालबालिकाको तहउन्नति अर्थात स्तरोन्नति गर्नुपर्दछ । साथै, शिशुहरुको बौद्धिक अवस्था पहिचान गरी संस्थागत सहकार्यमार्फत सहायता प्रदान गर्नु पर्दछ ।

अपाङ्गता भएका बालबालिकाहरुका लागि विद्यालय र विद्यालय भित्र रहने संरचनाहरु जस्तैः कक्षा कोठा, पुस्तकालय, प्रयोगशाला, क्यान्टिन र शौचालयमा अवरोधमुक्त भौतिक वातावरणको व्यवस्था गरिनुपर्दछ । समावेशी शिक्षा पद्धतिको अधिकतम उपयोगका लागि उपयुक्त र आवश्यक ढाँचामा पाठ्यपुस्तक, शैक्षिक सामाग्री, सहायक सामाग्री र सहायता सेवाको पर्याप्त व्यवस्था गरिनु पर्दछ । साथै स्रोत शिक्षकलाई अन्य शिक्षकसरह समोवशी शिक्षासम्बन्धि  स्तरयुक्त तालिम प्रदान गर्नुपर्दछ । पाठ्यक्रम, पाठ्यपुस्तकहरुमा अपाङ्गता सम्बन्धि जानकारी दिने विषयलाई समोवश गरिनु पर्दछ  र अपाङ्गता भएका व्यक्तिहरु प्रति भेदभाव जनाउने आशयका सन्दर्भ र लेखहरु समावेश गरिनु हुँदैन । उपयुक्त सुविधा सहित  उच्च शिक्षामा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच बृद्धि र विस्तार गरी सबै तहका शिक्षा निःशुल्क गर्नु पर्दछ ।

### ४.२ भौतिक पुर्वाधारको अवस्था

भौतिक संरचनामा अपाङ्गता भएका व्यक्तिहरुलाई सहज रुपमा पहुँच बृद्धि गर्ने उद्देश्यले अपाङ्गत भएका व्यक्तिहरुको भौतिक वातावरण तथा सुचना तथा सञ्चार सेवामा पहुँच सम्बन्धि निर्देशिका, २०६९ जारी भएको अवस्था छ । करिब अढाई वर्षदेखि छलफल, पैरवी सहित निर्माण गरिएको यो निर्देशिकालाई २०६९ फागुन ६ गतेको मन्त्रिपरिषद्ले पारित गरेको हो । यो निर्देशिका अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धीको को छैठौ सिद्धान्तका रुपमा धारा ९ मा विशेष महत्वका साथ उल्लेख गरिएको पहुँच सम्बन्धि व्यवस्थाहरुको लागि निकै महत्वपूर्ण हुने ठानिएको छ । यो निदेर्शिकाको कार्यान्वयन बाट भौतिक वातावरण तथा सुचना तथा सञ्चार सेवालाई अपाङ्ग मैत्री बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ । यसका त्यस्ता संरचना बनाउँदा अनिवार्य रुपमा अपनाउनु पर्ने न्युनतम मापदण्ड र चाल्नुपर्ने कदमहरुका बारेमा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

यो निर्देशिकाको कार्यान्वयबाट अपाङ्गता भएका व्यक्तिको दैनिक गमनशिलता, भौतिक वातावरण र सार्वजनिक सेवाहरुमा संचार तथा सुचनामा पहुँच बढेर उनीहरुको सामाजिक समावेशीकराणका साथै आर्थिक सशक्तिकरणमा ठुलो योगदान हुने विश्वास लिइएको छ ।

### ४.२.१ विद्यालयको भौतिक पुर्वाधार सम्बन्धि प्रतिक्रिया

तालिका नं. ५

विद्यालयको प्रकारको बारेमा विद्यार्थीको प्रतिक्रिया

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अपाङ्ग मैत्री रहेको | १७ | ९० |
| २. | अपाङ्ग मैत्री नरहेको | २ | १० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७

माथिको तालिकामा विद्यालयको प्रकारमा अपांग मैत्री रहेको छ या छैन भन्ने जिज्ञासामा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो । जसमा अपांग मैत्री रहेको छ भन्नेमा ९० प्रतिशत र अपांग मैत्री रहेको छैन भन्नेमा १० प्रतिशत रहेको पाइयो । यस आधार विद्यालयमा पढ्ने विद्यार्थीहरुबाट पनि उक्त विद्यालय अपांग मैत्री रहेको कुरा अवगत हुन्छ ।

तालिका नं. ६

भौतिक संरचनाको बारेमा विद्यार्थीको प्रतिक्रिया

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विद्यालयको कक्षाकोठा अपाङ्मैत्री छ | १७ | ९० |
| २. | पानी /धारा अपाङ्ग मैत्री छ | १६ | ८४ |
| ३. | पुस्तकालय अपाङ्ग मैत्री छ | १९ | १०० |
| ४. | शौचालय अपाङ्ग मैत्री छ | १७ | ९० |
| ५. | खेलमैदान अपाङ्ग मैत्री छ | १३ | ६८ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकामा अपाङ्मैत्री भौतिक संरचना बारे जानकारी लिने उद्देश्यले राखिएको प्रश्नमा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो । जसमा विद्यालयमा कक्षाकोठा अपाङ्ग मैत्री छ भन्नेमा ९० प्रतिशत, पानी/धारा अपाङ्ग मैत्री छ भन्नेमा ८४ प्रतिशत, पुस्तकालय अपाङ्ग मैत्री छ भन्नेमा शत प्रतिशत, शौचालय अपाङ्ग मैत्री छ भन्नेमा ९० प्रतिशत र खेलकुद अपाङ्ग मैत्री छ भन्नेमा ६८ प्रतिशत रहेको पाइयो । यस बाट के स्पष्ट हुन्छ भने सम्बन्धित विद्यालयमा प्रयाप्त मात्रामा भौतिक संरचना अपाङ्मैत्री रहेको छ ।

अपाङ्गता भएका बालबालिकाहरुको शिक्षामा पहुँच बढाउन के गर्नुपर्दछ भन्ने जिज्ञाशामा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो ।

तालिका नं. ७

शिक्षामा पहुँच बढाउने बारेमा विद्यार्थीको धारणा

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | रोजगार मुलक हुनुपर्छ | १८ | ९५ |
| २. | साधारण शिक्षा हुनुपर्छ | ७ | ३७ |
| ३. | व्यवसायिक शिक्षा हुनुपर्छ | १५ | ७९ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका शिक्षामा पहुँच बढाउने बारेमा विद्यार्थीहरुको धारणा बुझ्ने उद्देश्यले गरिएको प्रश्नावलीमा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो । जसमा रोजगार मुलक शिक्षा हुनुपर्दछ भन्ने ९५ प्रतिशत, साधारण शिक्षा हुनुपर्दछ भन्ने ३७ प्रतिशत र व्यवसायिक शिक्षा हुनुपर्दछ भन्ने ७९ प्रतिशत रहेको देखिन्छ । जसको आधारमा यो भन्न सकिन्छ कि अपाङ्गता भएका बालबालिकाहरुको चाहाना साधारण शिक्षा भन्दा व्यवसायिक शिक्षा र व्यवसायिक शिक्षा भन्दा रोजगार मुलक शिक्षामा जोड दिनु पर्दछ भन्ने को प्रतिशत उच्च देखिनुले अपाङ्गता भएका व्यक्तिहरुले रोजगार मुलक शिक्षाको चाहाना गरेको देखिन्छ । यद्यपी उनीहरुलाई भराईएको प्रश्नावलीको १० नं. मा तपाईलाई भन्न मन लागेका कुराहरु के ही छ ? भन्ने प्रश्नमा उनीहरुमध्ये अधिकांशको रोगगार मुलक शिक्षा हुनुपर्ने र रोजगारीमा अपाङ्गता भएका व्यक्तिहरुलाई उच्च प्राथमिकता दिनुपर्छ भन्ने आशय व्यक्त गरेको पाइयो ।

नीतिगत रुपमा भौतिक पूर्वाधारको विषयमा अध्ययन गर्दा भौतिक संरचना तथा संचारसेवा निर्देशिका, २०६९ जारी भैसकेको अवस्था छ । यस ऐननको दफा ७ मा यस बारेमा उल्लेख गरिएको छ । जसमा कुनैपनि किसिमको सार्वजनिक सरोकारको विषयमा भवन बनाउँदा, नक्सा पास गर्दा नै अपाङ्ग मत्री छ छैन् यदि छैन भने उक्त नंशा पास नगर्न शहरी विकास तथा भौतीक योजना मन्त्रालयमा मार्फत सबै जिल्लास्थित कार्यालयलाई परिपत्र गरिएको अवस्था छ भने सार्वजनिक पार्क, चलचित्र भवन, विद्यालय, स्वास्थ्य केन्द्र, सांस्कृतिक महत्वका भवनहरुमा पनि अपाङ्गता भएका व्यक्तिहरुलाई सहज पहुँच पुग्ने किसिमले बनाउनु पर्ने प्रावधान रहेको छ । यद्यपी यस निर्देशिकाले औल्याएको विषयमा अझै पनि भवन बनाउँदा नीतिलाई ध्यान दिएर भवन निर्माण गरिएको पाइदैन । कतीपय ठाउँमा त यस्ता भनव, पुर्वाधारहरु जस्तो सडक पेटी, अस्पतालको सिढि इत्यादि ठाउँमा भत्काई पुन निर्माण गराउनु परेको अवस्था रहेको छ । अतः निर्देशिकाको कार्यान्वयन पक्ष कमजोर हुनु नै यसको मुल समस्या हो ।

### ४.२.२ सुधार गर्नुपर्ने कुराहरु

भौतिक संरचना तथा संचारसेवा निर्देशिका, २०६९ अनुसार सार्वजनिक महत्वका भवन, पार्क, खेलकुद , विद्यालय, चलचित्र भवन, अस्पताल इत्यादि बनाउँदा निम्न पक्षहरुमा सुधार गर्न सकेका निर्देशिकाको कार्यान्वयमा सहज अवस्था हुने देखिन्छ। जस्तो :

१) निर्देशिकाको कार्यान्वयन पक्ष सबल हुनुपर्ने,

२) शहरमा मात्र हैनकी, गाउँ गाउँमा पनि यस भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्ग व्यक्तिहरु पनि सेवा लिन आउँछन् भन्ने सोचले भवन निर्माण आचार संहिताको ख्याल गर्न बाध्य बनाउँनु पर्छ।

३) अपाङ्ग व्यक्तिहरुलाई विकासका पुर्वाधार निर्माण गर्दा सडक, बत्ति, खानेपानी, शिक्षा, स्वास्थ्य, सुरक्षा, लगायतका सबै विषयमा सहज पहुँच पुग्ने किसिमले निर्माण गर्न सकिएमा अपाङ्गताको सवाललाई केही मात्रामा भएपनि समाधन गर्न सहज पुग्ने विश्वास गर्न सकिन्छ।

### ४.३ राज्यले प्रदान गरेका सुविधाहरु

नेपालको अन्तरिम संविधान, २०६३ को खण्ड ३ को मौलिक अधिकार अन्तर्गत शिक्षाको अधिकारमा बौद्धिक अपाङ्गता भएका बालबालिकालाई निःशुल्क र उपयुक्त शिक्षा दिने कुरा उल्लेख गरिएको छ। साथै निर्देशक सिद्धान्तले अपाङ्गता भएका व्यक्तिहरुको हक, हित तथा संरक्षणको प्रत्याभूति गरेको छ । भने अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१ ले अपाङ्गता भएका व्यक्तिहरुको विकास र हित संरक्षणको निमित्त निः शुल्क र गुणस्तरीय शिक्षाको अधिकार स्थापित गरेको छ । यो ऐनमा भएका सबै अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिक तहदेखि उच्च शिक्षासम्म निःशुल्क र अनिवार्य शिक्षा उपलब्ध गराउने व्यवस्था कार्यान्वयनको लागि संमानित सर्वोच्च अदालतबाट नेपाल सरकारका नाममा परमादेश जारी भएको छ । एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको विस्तारित दशक ( २००३-२०१२), बिवाको सहश्राब्दी कार्ययोजनासमेतका आधारमा मुलुकमा समयबद्ध राष्ट्रिय नीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु आवश्यक भएको हुँदा विभिन्न मन्त्रालय र सम्बद्ध निकाय, नागरिक समाज, अपाङ्गता भएका व्यक्ति र यिनका संस्थाहरुको राय सुझाव समेटि अपाङ्गता सम्बन्धि राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ तयार गरिएको छ । यो कार्ययोजनाको नवौं प्राथमिकतामा सबै अपाङ्गता भएका बालबालिकालाई सरकारले पहुँचयुक्त उपयुक्त शिक्षा प्रदान गर्ने नीतिगत व्यवस्था छ।

अपाङ्गता भएका विद्यार्थीहरुको लागि राज्यले निःशुल्क शिक्षा व्यवस्था गरेको छ । यसैगरि विषेश शिक्षा विभागबाट अपाङ्ग छात्रबृद्धि पाउने व्यवस्था गरिएको पाइन्छ। जसमा बार्षिक रुपमा अपाङ्गताको प्रकृति हेरी ३०० देखि रु ५००० सम्म अपाङ्ग छात्रबृद्धि पाउँने व्यवस्था रहेको छ। यसैगरि सहयोगी साधनहरु जस्तो बैसाखी, सेतो छडि, व्हिलचियर, ब्रेल लिपीको लागि कागज, ब्रेल लिपिमा लेखिएका पत्र पत्रिकाहरु एक ठाउँबाट अर्को ठाउँमा लैजानको लागि धुवानी खर्च नलाग्ने व्यवस्था रहेको पाइन्छ। यसैगरि रोजगारीको क्षेत्रमा पनि ५ प्रतिशत आरक्षणको व्यवस्था गरिएको पाइन्छ।

o **स्वास्थ्य :** ५० अथवा सो भन्दा बढि शैया भएका अस्पतालहरुमा अपाङ्ग व्यक्तिका लागि २ शैया छुट्याउनु पर्नेछ । तर, अपाङ्ग बालबालिकाहरुका लागि न निःशुल्क स्वास्थ्य परिक्षण न त उपचारको नै व्यवस्था गरिएको छ । ६५ वर्ष भन्दा माथिका र असहाय अपाङ्ग व्यक्तिका लागि मात्र निः शुल्क उपचार उपलब्ध छ ।

o **रोजगारी** : रोजगार सेवामा अपाङ्गताको कारण देखाई सेवा प्रवेशमा निषेध गर्न पाइने छैन र २५ वा सो भन्दा माथि कामदार राख्ने औद्योगिक संस्थाहरुले शारीरिक क्षमता, तालिम, शिक्षा र अनुभवका आधारमा ५ प्रतिशत स्थान अपाङ्ग व्यक्तिका लागि आरक्षण गर्नुपर्ने छ । यस ऐनले सरकारलाई अपाङ्ग व्यक्तिका लागि स्वरोजगारी कार्यक्रमहरु सञ्चालन गर्न र शहरी क्षेत्रमा आवासको स्थापना गर्न निर्देशन जारी गरेको छ ताकी अपाङ्ग व्यक्तिहरुले काम पाउन सकुन ।

o **यातायात** : ऐनले बस, रेल र हवाई सेवामा लाग्ने शुल्कमा आधा मात्र शुल्क अपाङ्ग र सहयोगीलाई लिने प्रावधान जारी गरेको छ । यस अन्तर्गत शाही नेपाल वायुसेवा निगमले हवाई शुल्कमा मिनाहा गर्न शुरु गऱ्यो र एउटा नीजि बस सेवा समितिले आफ्नो मार्गमा दृष्टिविहिनहरुलाई निःशुल्क सेवा शुरु गऱ्यो ।

o **सामाजिक सुरक्षा** : यस ऐनले सरकारलाई अपाङ्ग व्यक्तिलाई अपाङ्ग भत्ता दिन सक्ने अधिकार दिएको छ । हालैमात्र संमानित सर्वोच्च अदालतबाट सरकारका नाममा अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष भत्ता तथा सुविधा दिनु भन्ने सर्वोच्च अदालतबाट सरकारको नाममा जारी परमादेशको आदेशमा भनिएको छ की अहिले सम्म पहिचान र गणना भईसकेका अपाङ्गहरुलाई अपाङ्गताको अवस्था हेरी बेरोजगार र आयको श्रोत नभएका र बृद्ध अपाङ्गहरुलाई न्युनतम मासिक रु.५००/- (पाँच सय) देखि रु. ३०००/-( तीन हजार) सम्म निर्वाह भत्ता दिने दिलाउने व्यवस्था गर्नुपर्ने,

o पहिचान भई गणना भइसकेका शारीरिक रुपले हिडडुल समेत गर्न नसक्ने पूर्ण अशक्त वा पूर्णरुपले मानसिक विक्षिप्तताको अवस्थामा रहेका अति अपाङ्गलाई उचित हेरचाह गर्ने परिवार नभएका वा सो गर्न सक्षम परिवार नभएकालाई हेरचाह गर्ने व्यक्ति समेतका लागि न्युनतम निर्वाह भत्ताको रुपमा अवस्था अनुसार रु. ३०००/- (तीनहजार) देखि रु.५०००/- (पाँच हजार ) सम्म मासिक विशेष भत्ता उपलब्ध गराउने भन्ने आदेश गरेको छ ।

(स्रोत : अपाङ्ग व्यक्तिहरुलाई विशेष भत्ता तथा सुविधा दिनु भन्ने फैसाला, रिट नं.०४७८, २०६९)

### ४.३.१ सुविधा सम्बन्धि प्रतिक्रियाहरु

तालिका नं. ८

राज्यले प्रदान गरेका सुविधाहरु

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | निशुल्क शिक्षा | १८ | ९५ |
| २. | छात्रबृत्तिको व्यवस्था | १७ | ९० |
| ३. | भौतिक पूर्वाधारमामा विकास | १६ | ८४ |
| ४. | माथिका सबै | १९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकामा सुविधा सम्बन्धि सरोकारवालाको प्रतिक्रियाहरु जान्ने उद्देश्यले गरिएको प्रश्नावलीहरुका निम्न अनुसारको जवाफ प्राप्त भएको थियो । जसमा निःशुल्क शिक्षा बारेमा ९५ प्रतिशतलाई जानकारी रहेको, छात्रबृद्धिको व्यवस्था बारेमा ९० प्रतिशतलाई जानकारी रहेको, भौतिक पूर्वाधारका विकासमा ८४ प्रतिशतलाई र माथिका सबै सुविधाहरु बारे १०० प्रतिशतलाई जानकारी रहेको कुरा जानकारी भयो । यसैगरि विद्यालयमा अपाङ्गमैत्री पाठ्य सामाग्रीहरुको उपलब्धताको बारेमा जानकारी लिने उद्देश्यले सरोकारवालाहरुलाई सोधिएका प्रश्नहरुमा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो । जसमा सुन्ने सामाग्रीमा ८४ प्रतिशतलाई जानकारी रहेको पाइयो । दृश्य सामागीहरुमा कसैलाई पनि जानकारी नरहेको पाहियो, दृष्टि विहिनहरुको लिपि बारे जम्मा १० प्रतिशतलाई जानकारी रहेको पाइयो । त्यसैगरि अडियो भिडियो बारेमा जम्मा ५ प्रतिशतलाई मात्र जानकारी रहेको पाइयो । यसबाट अपाङ्गता भएका व्यक्तिहरु केही लाई मात्र सबै साधानहरुको बारेमा जानकारी रहेको देखिन्छ ।

तालिका नं. ९

अध्ययन विचमा छाड्ने कारण बारे विद्यार्थीहरुको प्रतिक्रिया

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | भौतिक पुर्वाधार अपांगमैत्री नभएर | १७ | ९० |
| २. | गरिबीको कारण | १३ | ६८ |
| ३. | शिक्षाको महत्व नबुझेर | १५ | ७९ |
| ४. | अन्य | १ | ५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकामा अपाङ्गता भएका बालबालिकाहरुले के कारणले अध्ययन विचमा नै छाड्न बाध्य हुन्छन् त भन्ने जिज्ञासामा भौतिक पुर्वाधार अपाङ्गता मैत्री नभएर भन्नेको ९० प्रतिशत, गरिबीको कारणले भन्नेको ६८ प्रतिशत, शिक्षाको महत्व नबुझ्रेर भन्नेको ७९ प्रतिशत र अन्य पक्षको भन्नेको ५ प्रतिशत रहेको देखिन्छ । यस आधारमा भौतिक पुर्वाधार अपाङ्ग मैत्री नभएर अध्ययन विचमा छाड्नेको प्रतिशत उच्च देखिनुले अझै पनि विद्यालय, महाविद्यालय, विश्वविद्यालय अपाङ्गमैत्री हुन नसक्दा अधिकांश अपाङगता भएका व्यक्तिले आफ्नो अध्ययन विचमै छाड्न बाध्य हुनुपरेको यथार्थ देखिन्छ ।

तालिका नं. १०

शिक्षामा आकर्षण गर्नका लागि प्रदान गर्नुपर्ने सुविधाहरु बारे विद्यार्थीको प्रतिक्रिया

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छात्रबृद्धिको व्यवस्था हुनुपर्ने | १४ | ७४ |
| २. | शिक्षा निःशुल्क हुनुपर्ने | १८ | ९५ |
| ३. | सुविधाहरुको व्यवस्था हुनुपर्ने | १२ | ६३ |
| ४. | माथीका सबै पक्षमा ध्यान दिनुपर्ने | १९ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार शिक्षामा आकर्षण गर्नको लागि छात्रबृद्धिको व्यवस्था हुनुपर्ने भन्ने ७४ प्रतिशत, शिक्षा निःशुल्क हुनुपर्ने भन्नेको ९५ प्रतिशत, सुविधाहरुको व्यवस्था हुनुपर्ने भन्नेको ६३ प्रतिशत र माथीका सबै पक्षमा ध्यान दिनुपर्ने भन्नेको १०० वा शतप्रतिशत रहेको देखिन्छ । यस आधारमा अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षामा कुनै एक पक्षमा मात्र ध्यान दिएर नपुग्ने यसकालागि सबै पक्षमा ध्यान दिनुपर्ने सम्बन्धि बालबालिकाहरुको मत रहेको देखिन्छ ।

अपाङ्गता भएका व्यक्तिहरुलाई राज्यबात दिने सुविधाहरु नगन्य मात्रामा भएपनि ती सुविधालिन पनि उत्तिकै झन्झटिलो र प्रक्रिया मुखि रहेको देखिन्छ । जस्तो शिक्षामा निःशुल्क भनिएको छ । गाउँ गाउँका विद्यालयहरु विकट ठाउँमा छन् । जहाँ सम्म अपाङ्गता भएका व्यक्तिहरुलाई भौतिक कठिनाई र विद्यालय पनि अपाङ्मैत्री नभएको कारण पनि अपाङ्गता भएका व्यक्तिहरु शिक्षा लिनै नसक्ने र शुरु गरेकाहरु मध्ये पनि कतिपयले अध्ययन पूरा नगरी विचमै छाड्ने प्रविर्तिको कारण पनि निःशुल्क शिक्षाको सुविधा बाट बन्चित हुन पुगेका छन् । त्यसैगरि छात्रबृद्धि पनि अत्यन्तै न्युन मात्रामा उपलब्ध गराइन्छ जसबाट उनीहरुको शिक्षाको लागि शैक्षिक सामाग्रीहरु किन्न पनि अपुग छ ।

### ४.३.२ सुधार गर्नुपर्ने पक्षहरु

अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गर्ने सुविधाहरु निम्न आधारमा प्रदान गर्न सकेमा सम्बन्धीत व्यक्तिहरुले सहज रुपमा सेवा पाउन सक्ने देखिन्छ ।

क) अपाङ्ग सम्बन्धि राज्यले प्रदान गर्ने सेवाहरु बारे निर्देसीका बनाई लागु गर्न सकिन्छ ।

ख) सेवा दिने निकाय र सेवा ग्राही जनताहरुको बारेमा उल्लेख गर्न सकिन्छ ।

ग) सेवा प्राप्त गर्न आवश्यक पर्ने कागजातको बारेमा पहिल्यै नै सुचना दिन सकिन्छ ।

घ) सेवा दिने प्रक्रिया सहज र सरल बनाउन सकिन्छ ।

ङ) सेवा लाई छिटो, छरितो र कम लागतमा दिने प्रक्रिया अवलम्बन गर्न सकिन्छ ।

च) अपाङ्गताको प्रकृति हेरी विशेष सेवा प्रदान गर्न सकिन्छ ।

छ) सेवा दिने निकायहरु बिच समन्वय गरि सरल र छितो सेवा प्रदान गर्न सकिन्छ ।

ज) समय समयमा अदालत बाट भएका फैसलाहरु र निर्णयहरुको कार्यान्वयन हुन अझै पनि कठिन अवस्था छ यसमा सरकार र सम्बन्धित निकायहरुले तत्कालै कार्यान्वयन गर्नू पर्ने देखिन्छ ।

झ) शिक्षामा निःशुल्क भनेर मात्र पुग्दैन, प्रयाप्त मात्रामा छात्रबृद्धि, शैक्षिक सामाग्रीहरुको प्रयाप्तता, प्रयाप्त मात्रामा छात्रबृद्धिको व्यवस्था, अपाङ्ताभएका हरुको लागि सहयोगी सामाग्रीहरु जस्तो सेतो छडि, बैसाखी, ब्हिलचियर, ब्रेल लिपिको काजग लगायत सामागीहरु सहज र सरल रुपमा पाउँने व्यवस्था गर्नु पर्ने देखिन्छ ।

तालिका नं. ११

अपाङ्ग सेवा राष्ट्रिय नीति, २०५४ तथा कार्ययोजना, २०६३ ले औल्याएको विषयहरु

| सि. नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगि निकाय | समय अवधि | अनुगमन सुचक |
|---|---|---|---|---|---|
| १. | सरकारी निकायका व्यावसाहिक र रोजगारमुलक सिप विकास तालिम केन्द्रहरुमा पाँच प्रतिशत अपाँगलाई निःशुल्क तालिम प्रदान गर्ने । यसमा महिला अपाङ्गलाई प्राथमिकता दिने । | वतावरण, विज्ञान तथा प्रंविधि, महिला बालबालिका तथा समाज कल्याण, श्रम तथा यातायात व्यवस्था, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, समाज कल्याण परिषद् | स्थानीय निकाय, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था , प्राविधिक शिक्षा तथा व्यवसाहिक तालिम परिषद, | दशौ र एघारौ योजना अवधि | १)अपाङ्गको तालिममा भर्ना दर<br>२)महिलाको सहभागिता दर , सँख्या |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | पाँचै विकास क्षेत्रमा एक एक प्राविधिक तथा व्यवसाहिक तालिम केन्द्रहरुलाई अपाङ्गता अनुकुल बनाउँदै सुदृढ तुल्याउने । | शिक्षा तथा खेलकुद मन्त्रालय, अन्राष्ट्रिय दातृ संस्था । | महिला, वालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय । अन्तराष्ट्रिय गैर सरकारी संस्था | दशौ र एघारौं योजना अवधि | १)सुदृढ र संचालित अपाङ्ग मैत्री प्राविधिक तथा व्यवसाहिक केन्द्रको संख्या २)सेवाको प्रकार र स्तर |

स्रोतः राष्ट्रिय अपाङ्ग महासंघ, २०७०

सबै निकाय ( सरकारी, गैर सरकारी र निजी) मा अपाङ्गलाई ५% रोजगारका निमित्त सकारात्मक विभेदको प्रावधान राख्ने र कार्यान्वयन क्रमशः गर्दै जाने ।

कानुन न्याय तथा संसदीय व्यवस्था, महिला, बालबालीका तथा समाज कल्याण, सामान्य प्रशासन, श्रम तथा यातायात व्यवस्था, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

अन्नराष्ट्रिय श्रम संगठन र राष्ट्रिय । अन्तराष्ट्रिय गैर सरकारी संस्था, समाज कल्याण परिषद

दशौ र एघारौ योजना अवधि

१) अपाङ्गको रोजगार प्रतिशत

२) सकारात्मक विभेदमा कानुनी तथा नीतिगत प्रावधान

अपाङ्ग रोजगारीको विवरण,स्थिति को Database तयार गरी अद्यावधिक गर्ने

श्रम तथा यातायात व्यवस्था मन्त्रालय,उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, केन्द्रीय तत्थ्याङ्क विभाग

स्थानिय विकास, शिक्षा तथा खेदकुद मन्त्रालय , स्थानिय निकाय , गै.सं.सं हरु

दशौ योजना अवधि

अद्यावधिक तत्थ्याङ्क विवरण

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष तथा सुझावहरु

## ५.१ प्राप्ति

प्रस्तुत अध्ययन अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाको लागि राज्यले गरेका प्रयासहरु भन्ने शिर्षकमा गरिएको छ । यसमा शारीरीक अपाङ्गता भएका कक्षा ९ र १० मा पढ्ने बालबालिकाहरुलाई मुख्य केन्द्र मानी उनीहरुलाई प्रश्नावली भराई प्राप्त आंकडाहरुको आधारमा विश्लेषण गरि निचोड मा पुगिएको छ । यसमा अध्ययनकर्ताको क्षेत्र भ्रमण तथा अन्तर्वाता बाट प्राप्त अनुभवलाई पनि यसमा समावेश गरि शोधकार्य लाई पूर्णता प्रदान गरिएको छ ।

यसमा अध्ययनकर्ताले केही थप प्रश्न गरि केहि नविन कुरा खोतल्ने प्रयास गरिएको थियो । जसमा अधिकांशले अपाङ्गता भएका बालबालिकाहरुले शिक्षा नीति बारे जानरकारी रहेको पाइयो । हरुलाई चाहिने भन्दा बढि सहानुभुति दिने गरेको र जिम्मेवारी बाट पन्छाउने गरेको अनुभव सुनाए भने केहीले जिम्मेबारी नै नदिने गरेको जानकारी प्राप्त भएको थियो । अपाङ्गता भएका बालबालिकाहरुको लागि छात्रबृद्धि र भौतिक पुर्वाधारमा जोड दिन सकेमा उनीमहरु शिक्षा प्राप्त गर्न सहज हुने कुरा बताएका थिए । अपाङ्गता भएका व्यक्तिहरुलाई व्यवसायिक शिक्षा, अपाङ्ग मैत्री कक्षाकोठा, पानी/धारा, हुनु पर्ने बतएका थिए । त्यसैगरि राज्यबाट प्राप्त भौतिक सुविधाहरु मध्ये धेरैलाई जानकारी नभएको पाइयो तर निःशुल्क शिक्षा बारेमा भने अधिकांश सबैमा जानकारी रहेको कुरा जानकारी हुन आयो । उनीहरुले जीवन उपयोगी शिक्षामा जोड दिनु पर्ने र भौतिक संरचनाले अगाडि बढ्न चुनौति रहेको बताएका थिए । जसको कारण अध्ययन विचमै छोड्न बाध्य हुनु परेको जानकारी दिएका थिए । अपाङ्गता भएका व्यक्तिहरुको लागि अन्तराष्ट्रिय महासन्धी बारे धेरैलाई जानकारी नै नरहेको पाइयो । उनीहरुको भनाईमा अपाङ्गता भएका बिद्यालयमा प्रोजेक्टर बाट र अन्य साधानको प्रयाप्त व्यवस्था हुनुपर्ने बताएका थिए ।

सन् २००६ डिसेम्बर १३ मा संयुक्त राष्ट्र संघको ६१ औं महासभाले अनुमोदन गरी २००६ को मार्च ३० तारिखदेखि सदस्य राष्ट्रहरुको लागि हस्ताक्षर तथा अनुमोदनका लागि खुला गरिएको दस्तावेजलाई नेपालले सन् २००८ जनवरी ३ मा हस्ताक्षर गरी महासन्धिप्रति आफ्नो प्रतिबद्धता जनाइसकेको छ । यस महासन्धिका ५० वटा धाराहरुमा परिभाषा, धारा २१ समानता र गैरभेदभाव, धारा ५ पहुँचयुक्तता कानुनको अगाडि समान मान्यता न्यायमा पहुँच, शोषण हिंसा र दुव्यवहारबाट स्वतन्त्रता आदि छन् । यी धाराहरु बाहेक अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ र विशेष शिक्षा नीति २०५३ छन् । विशेष शिक्षा नीति २०५३ अनुसार विशेष विद्यालय, एकिकृत विद्यालय, अपाङ्गता आदिको परिभाषा तथा वर्गीकरणसमेत गरी जम्मा ३३ वटा विशेष शिक्षासम्बन्धि नीति तय गरेको र अपाङ्गता भएका बालबालिकाहरुलाई दिइने शिक्षालाई सबैका लागि

शिक्षाको प्रमुख अंग बनाउने, विद्यालयहरुलाई भौतिक रुपमा अपाङ्गमैत्री बनाउने, आवश्यकताअनुसार को विशेष विद्यालयको व्यवस्था गर्ने, अपाङ्गता भएका बालबालिकाहरुलाई सबै तहमा निःशुल्क शिक्षा दिने, छात्रबृद्धिको व्यवस्था गर्ने जस्ता नीतिहरु महत्वपूर्ण मानिन्छन् तर राम्रो ऐन, कानुन बनाउँदैमा सिद्धान्त राम्रो र सहि देखिदैमा व्यवहार अव्यवहारिक र गलत भएमा त्यसको कुनै अर्थ रहदैन । सबैभन्दा पहिले शिक्षकलाई नै अपाङ्गताका विषयमा शिक्षा दिनुपर्यो र शिक्षाका सम्बन्धमा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु दृष्टिविहिन, श्रवण शक्तिविहिन, आवाजविहिन, सुस्तमनस्थिति सम्पूर्ण अपाङ्गता भनेर वर्गिकरण गरिएको छ । भिन्नभिन्न खालका अपाङ्गता भएकाहरुका लागि सोहि अनुरुपको शिक्षा दिनुपर्ने हुन्छ । तेस्रो पक्ष भनेको शैक्षिक संस्थाहरुको कक्षाकोठामा टेबल, बेन्च, शौचालय आदि अपाङ्गमैत्री छैनन् । सार्वजनिक सडक, पेटी यातायातका साधन, भवन (सरकारी, गैरसरकारी) स्वास्थ्य केन्द्र, अस्पतालका शैयादेखि डाक्टर, नर्स कार्यालय सहायकहरुलाई पनि अपाङ्गतामैत्री शिक्षा नदिने हो भने आवाजविहिन, दृष्टिविहिन तथा श्रवणशक्तिविहिनहरुका रोगका समस्या समाधान हुन कठिनाई उत्पन्न हुन्छ ।

सर्वप्रथम अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षा प्राप्त गर्न सक्ने अवसर दिनुपर्छ । अपाङ्गताको प्रकृतिअनुसार बजेत पनि अलगअलग छुट्याउनुपर्छ । मस्तिष्क पक्षघात भएका बालबालिकाको शिक्षा र भविष्यविषयक अनुसन्धान प्रतिवेदन अनुसार अनुसंन्धान पत्र प्रस्तुत गर्दै शिक्षाविद् महेशनाथ पराजुलीले मस्तिष्क पक्षघात भएकी, साहित्यकार झमक घिमिरे यसका उदाहरण हुन् भन्दै अपाङ्गताको प्रकृतिअनुसार अवसर दिन सके सक्षम बन्न सक्छन् भन्ने विचार व्यक्त गरे । अध्ययनअनुसार बच्चा गर्भमा रहेका बेला आमालाई गम्भीर प्रकृतिको रोग लाग्दा बच्चालाई मस्तिष्क पक्षघात हुने गर्छ । मस्तिष्क पक्षघात भएका बालबालिका जम्मदासाथ पहिचान हुन नसक्ने र पत्ता लागेपछि दैनिक व्यायामबाहेक अन्य उपचार विधि नहुने समेत अध्ययनले देखाएको र नेपालभरी ७० हजार पक्षघात पीडित बालबालिका रहेको अनुमान छ ।

शिक्षा विभागले अहिलेसम्म दृष्टिविहिनसम्बन्धि, सुनाइ, बोलाइ मानसिक (बौद्धिक मानसीक रोग र अटिज्म) शारिरीक, श्रवणदृष्टिविहिन र बहुअपाङ्गता भनेर सात किसिमको अपाङ्गता पहिचान गरेको छ तर मस्तिष्क पक्षघातको छुट्टै पहिचान हुन नसकेको र बिभागले अपाङ्गता क्षेत्रमा बार्षिक ३० करोड रुपैया विनियोजन गरेको शिक्षा विभागका उप निर्देशक जय प्रसाद लम्साले बताएका थिए । यसैगरि ह्युम्यान राइट बाच नामको संस्थाले भदौको पहिलो हप्ता सार्वजनिक गरेको प्रतिवेदन अनुसार अपाङ्गता भएका बालबालिका लागि विद्यालय पुग्न कठिन, विद्यालय भवन र कक्षाकोठामा अपाङ्गमैत्री नभएको शिक्षकहरु पर्याप्त रुपमा प्रशिक्षित नभएको जनाउँदै कतिपय विद्यालयले अपाङ्गता भएका बालबालिकालाई भर्ना नै दिदैनन् भन्दै अपाङ्गता भएका बालबालिकालाई विद्यालय, छिमेक र समाजमा दुर्व्यवहार गरिने भएकाले ती बालबालिकाले बीचमै विद्यालय छोडने गरेको उल्लेख गरिएको छ । सन् २००१ को जनगणनामा नेपालमा अपाङ्गता भएका बालबालिकाको संख्या २,००००० भन्दा बढि रहेको देखाइए तापनी गरिबी दुर्घटना र स्वास्थ्य उपचारको कमि आदिले गर्दा यो भन्दा धेरै बढी हुने अनुमान छ । नपालमा विद्यालय जाने उमेरका ५० लाख बालबालिकामध्ये ९४ प्रतिशत विद्यालय जान्छन् । यसलाई मान्दा ३ लाख २९ हजार बालबालिका विद्यालय जाँदैनन् । शिक्षा मन्त्रालयको तथ्याङ्क अनुसार नै पनि विद्यालयका भौतिक पूर्वाधार र शैक्षिक

प्रणाली अपाङ्ग मैत्री नभएका कारण धेरैजसो बालबालिकाले विचैमा विद्यालय छोड्छन् । मन्त्रालयका अनुसार यो वर्ष निम्नमाध्यमिक तहमा १७ हजार, माध्यमिक तहमा ६ हजार ८३८ र उच्चमाध्यमिक तहमा १ हजार ४९५ मात्रै अपाङ्गता भएका विद्यार्थीहरु छन् । शिक्षा मन्त्रालयका अनुसार आर्थिक वर्ष २०६७/०६८ मा कुल बजेटको १७ दशमलव ११ प्रतिशत रकम शिक्षाक्षेत्रमा विनियोजन गरिएको थियो भने शै.स. २०६९/७० मा यो रकम बढेर २२ दशमलव ४५ प्रतिशत शिक्षाक्षेत्रमा विनियोजन गरिएको छ । जसमा करिब २२ प्रतिशत विदेशी सहयोगको अंश छ । शिक्षाक्षेत्रमा यो अघिल्ला वर्षहरुमा भन्दा बढि हो । नेपालको शैक्षिक पाठ्यक्रम अपाङ्गता भएका बालबालिकाहरुको लागि उपयुक्त नभएको पनि प्रतिवेदनमा औल्याइएको छ । नेपालले अपाङ्गता भएका बालबालिकाको सुरक्षित, सहज र विभेदरहित वातावरणमा शिक्षा आर्जन गर्न पाउनुपर्ने अधिकारको सम्मान गर्नुपर्छ भनिएको छ । उपरोक्त विवरणले के प्रष्ट पार्छ भने अपाङ्गता मैत्री सरकार, पाठ्यपुस्तक, शिक्षक, स्कुल छरछिमेक, समाज र घरपरिवार पनि अपाङ्मैत्री हुन जरुरी छ ।

## ५.२ निष्कर्ष

मानव विविधताको रुपमा रहेका नेपाली अपाङ्गता भएका विभिन्न प्रकृतिका व्यक्तिहरुले राज्यबाट पाउने सुविधाहरु अझै सम्म सहि रुपमा पाउन सकिराखेको अवस्था छैन । संयुक्त राष्ट्र संघले हाले सार्वजनिक गरेको तथ्याङ्कअनुसार विश्वको कुल जनसंख्याको १५ प्रतिशत जनसंख्या अपाङ्कगता भएका छन् । विकसित राष्ट्रको तुलनामा विकासोन्मुख राष्ट्रहरुमा यो संख्या अधिक छ । गरिबी र अपाङ्कगताविचको अन्योन्याश्रित सम्बन्धको कारणले नेपाल लगायत दक्षिण एशियाली क्षेत्रमा अझ बढि व्यक्तिहरु अपाङ्गताबाट प्रभावित छन् । अपाङ्गता भएका व्यक्तिहरुलाई हेर्ने पुरातनबादी सोच, चिन्तन र दृष्टिकोणले जरो गाडेको वर्तमान परिप्रेक्षमा उपकारमुखी सोचबाट अधिकारमुखी सोचमा रुपान्तरण दया, दानदातव्यबाट अवसर र अधिकार प्राप्तीको गोरेटोमा डोऱ्याउन अझै पनि पर्खालहरु बाँकी छन् ।

अपाङ्गता नविनतम अवधारणा हो । जब व्यक्तिमा कार्यसीमितता पैदा हुन्छ तब ऊ अवसरबाट बञ्चित हुन्छ, जसको कारण ऊ बहिष्करणमा पर्दछ । अर्थात वातावरणले सिर्जना गरेको अवरोधको कारण सहज रुपमा दैनिक कार्य गर्न असमर्थ हुनु तथा शारिरीक, मानसिक आङ्गीक वा प्रणालीगत क्षतिको कारण व्यक्तिले अरु सरहको संरचना वा अधिकार र अवसर प्राप्त गर्नुपर्दछ । युद्ध दुर्घटना, कुपोषण वा जन्मपूर्व, पश्चातका विविध कारणहरुले व्यक्ति अपाङ्गता वणन गर्न पुग्दछ । प्रकृतिको आधारमा अपाङ्गतालाई ७ भागमा विभाजन गरिएको छ भने गाम्भीर्यताको आधारमा ४ भागमा विभाजन गरिएको छ । पूर्ण असक्त अपाङ्गताबाहेक सबै प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरुले संरचना अनुकुल हुँदा सहज रुपमा जिविकोपार्जन गर्न सक्षम हुन्छन् ।

नेपालको सन्दर्भमा अपाङ्गता भएका नागरिकहरुलाई अझै पनि विकासको मुलधारमा ल्याउन नसक्नु, शिक्षाको पहुँचबाट बञ्चित हुनु, भौतिक तथा मानवीय संरचना अपाङ्गमैत्री नहुनु , उपयुक्त अनुकुलतालाई ध्यान नदिइनु तथा स्वयम् अपाङ्गता भएका नागरिकहरु आफ्नो हकअधिकार तथा उत्पादनशील आयमुलक रोजगार तथा

स्वरोजगारमा अग्रसर हुने उचित वातावरण नहुनु विडम्बनाको कुरा छ । अपाङ्गता भएकै कारणले शिक्षा, ज्ञान, सीप, आर्जन गर्ने सिमित अवसर ढिलो गरि प्राप्त हुनु गाउँघर तथा दुरदराजमा आजसम्म पनि शिक्षाको अवसर प्राप्त हुनु नसक्नु तथा परिवारभित्रै पनि उनीहरुलाई हेयको दृष्टिकोणले हेर्नु, नीति निर्माण तथा अंशवण्डामा उनीहरुलाई अवमुल्यन गर्नु तथा वर्गीय हिसावबाट सम्पन्न परिवारले अपाङ्गता भएका सन्ततीहरुलाई बाहिर ल्याउन नचाहनु, उनीहरुलाई प्रतिष्ठासँग जोड्नु तथा निरपेक्ष गरिबीको दायराभित्र रहेका समुदायले अपाङ्गता प्रतिको अनभिज्ञता, अविश्वास तथा चेतनाको कमीले बाहिर ल्याउन नसक्नु जस्ता अवस्थाले गर्दा उर्वर उमेरका विभिन्न प्रकृति अनुसारका लाखौ अपाङ्गता भएका बालबालिकाहरुले दीन-हीन अवस्थामा आफूसँग भएको उर्वरा शक्ति, जोस, जाँगर र हिम्मतलाई कुण्ठित पारी घरको परिधिभित्र सीमित रहेको र कतिपय व्यक्तिहरुलाई साङ्लोले बाँधेर राखेका अवस्थाहरु इत्रतत्र रहेका छन् ।

सन् १९६० को दशकदेखि अपाङ्गता क्षेत्रबाट सुधारमा संकेटहरु देखिए पनि तत्पश्चात हालसम्म राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा जेजति सन्धी, अभिसन्धी, घोषणापत्र, विभिन्न महासन्धीहरु जस्तै : अपाङ्ग बर्ष, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, अवसर तथा सशक्तिकरण सम्बन्धी  विश्व कार्ययोजना, यु.एन.डि.के. लगायत अन्तराष्ट्रिय स्तरबाट भएगरेका पहल, प्रयास तथा प्रयत्नहरु साथै अपाङ्ग संरक्षण तथा कल्याण ऐन, नियमावली ऐच्छिक हुनुतथा देशका निर्मित संविधान, ऐनकानुन तथा सरकारप्रदत्त पञ्चवर्षिय, त्रिवर्षिय तथा आवधिक  योजनाहरु ल्गायत सरकारद्धारा प्रतिपादित नीति, कार्यक्रम तथा विनियोजित बजेटले समेत यो समुदाय अनुत्पादक नागरिकको रुपमा नेपाली समाजमा रहेको छ ।

## ५.३ सुझावहरु

१) अपाङ्कता भएका बालबालिकाहरलाई बढि भन्दा बढि शिक्षामा प्रोत्साहन गर्न  आगामी दिनहरुत्यसतर्फ सम्बन्धित निकायले पहल गर्नु पर्ने देखिन्छ ,

२) अझै पनि समाजमा अपाङ्कता भएकालाई हेर्ने दृष्ट्रिकोण सकारात्मक भैनसकेकोले जनचेतना फैलाउनु पर्ने देखिनछ ,

३) सरकारले अपाङ्गता भएका बालबालिकाहरुलाई दिइने शिक्षालाई 'सबैका लागि शिक्षा' कार्यक्रमको अभिन्न अङ्गको रुपमा अंगाल्दै आधारभुत शिक्षाको रुपमा प्राथमिकता दिनुपर्ने देखिन्छ ,

४) अपाङ्गता भएका बालबालिकाको शारिरीक, मानसिक र बौद्धिक विकासमा सघाउ पुग्ने गरी छात्रबृद्धिको व्यवस्था सहित विशेष शिक्षाको बारेमा अपाङ्गता भएका बालबालिकाहरु, तिनका अभिभावक र शिक्षक शिक्षिका लगायत सरोकारवाला पक्षहरुलाई परामर्श सेवा प्रदान गर्न सक्नुपर्छ,

५) अपाङ्गताको प्रकृतिको आधारमा विशेष व्यवस्था अर्थात प्रयाप्त अध्ययन सामाग्री, दक्ष शिक्षकशिक्षिका तथा अपाङ्गमैत्री शैक्षिक वातावरणको सुनिश्चिता गर्नुपर्ने हुन्छ ,

६) वास्तवमा असामान्य रुपमा अपाङ्गता भएका बालबालिकाहरुका लागि बिशेष शिक्षा दिने बिद्यालयको व्यवस्था गर्नु आवश्यक हुन्छ । यसका लागि विशेष शिक्षा सम्बन्धि पाठ्यपुस्तक र शैक्षिक सामाग्री, विशेष शिक्षाको लागि आवश्यक शैक्षिक उपकरण, अध्ययन विधिबाट अध्ययन गरेका विद्यार्थीहरुको लागि अपाङ्गताको प्रकृतिको आधारमा विशेष परिक्षा प्रणालीको पनि विकास हुनु टड्कारो आवश्यकता छ । तब मात्र अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई राज्यले सम्मान गरेको ठहर्छ ।

७) अपाङ्गता भएका व्यक्तिहरुको समग्र अवस्थामा सुधार ल्याउन शिक्षा सबैभन्दा महत्वपूर्ण विषयवस्तु हो । त्यसैले अपाङ्गता भएका व्यक्तिहरुलाई पुर्वप्राथमिक तहदेखि उच्चतह सम्म विशेष अपाङ्गमैत्री शिक्षाको अवसर सुनिश्चित गर्नुपर्दछ ,

८) अपाङ्ग शसक्तिकरणको लागि सरकारी तथा निजी क्षेत्रहरुले समन्वय गरि तालिम र तालिम पछि रोजगारी दिने वातावरण तयार गर्न सकेको खण्डमा अन्य नागरिक सरह आर्थिक क्रियाकलापमा सक्रिय भई प्रत्यक्ष वा अप्रत्क्ष रुपमा राष्ट्रलाई सहयोग पुराउन सक्ने कुरामा दुई मत देखिदैन,

९) अपाङ्गहरुले सक्रियाता पुर्वक सँचालन गरेका सहकारी वा मझेउला खालका आय आर्जन हुने सस्थाहरुलाई सरकारले प्रोत्साहन गरि क्षमता अभिबृदिका लागि कार्यक्रम दिनु पर्ने देखिन्छ,

१०) अपाङ्गता भएकाहरुको सबैभन्दा ठुलो सुनौति भनेको भौतिक संरचनाको निमार्ण अपाङ्गता मैत्री नहुने ले सृजना गरेको देखिन्छ । यसकालागि विकासका पुर्वाधारहरु निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरुलाई सहज हुने गरि जस्तो बैसाकी प्रयोग गर्ने, ह्वीलचियर प्रयोग गर्ने र सेतो छडि प्रयोग गर्ने व्यक्तिहरुलाई पनि सहज हुने गरि निर्माण गर्न सकेको हरेक ठाउँमा उनीहरुको सहज पहुँच हुन सक्ने र शिक्षा, स्वास्थ्य लगायत का अन्य क्षेत्रहरुमा रोजगारीमा सृजनामा सहयोग पुग्ने देखिन्छ ।

## सन्दर्भग्रन्थसूची

अपाङ्ग समाज(२०६८), अपाङ्गता भएकाहरुको अभियान, अपाङ्ग समाज, काठमाडौं
अपाङ्गता भएकाहरुको लागि विशेष सेवा(२०६९), ह्यान्डी क्याप इन्टरनेशनल नेपाल, काठमाण्डौ
अपाङ्ग आवाज(२०६९), अपाङ्ग मानवअधिकार केन्द्र, काठमाणडौ
कोइराला, धर्म अवतार(२०६५),*नेपालमा अपाङ्गता अधिकार,* स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र,जनप्रशासन क्याम्पस, व्यवस्थापना संकाय, त्रिभुवन विश्वविद्यालय,जमल, काठमाण्डौं ।
गोरखापत्र (२०६९), जनगणनाको अन्तिम नतिजा, धर्मपथ काठमाण्डौं ।
नेपाल सरकार(२०६७),*नेपालको अन्तरिम संविधान,* २०६३ (संशोधन सहित), कानुन किताब व्यवस्था समिति, सिंहदरबार, काठमाण्डौं ।
नेपालमा अपाङ्ग बालबालिकाहरु(२००३), नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, काठमाण्डौं ।
नेपाल सरकार (२०६९,)शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित), पैरवी प्रकाशन, काठमाण्डौं ।
नेपाल सरकार(२०६९), राष्ट्रिय जनगणना, २०६८ को प्रतिवेदन, केन्द्रिय तत्थ्याङ्क विभाग, काठमाण्डौं ।
नेपाल सरकार (२०६४), बाह्रौ *योजना* (२०६४-२०६७), राष्ट्रिय योजना आयोग, काठमाण्डौं
बृहत नेपाली शब्दकोष(२०६६), साझा प्रकाशन, काठमाण्डौ
पोखेल, विरेन्द्रराज(२०६९), अपांङ्गता सम्बन्धि शैक्षिक नीति र समावेशी शिक्षा, रुपान्तरण चौमासिक, वर्ष १७, अंक २, जेष्ठ २०७०, राष्ट्रिय अपाङ्ग महासंघ, भृकुटि मण्डप, काठमाण्डौ
बास्तोला(२०७०), नेपालमा अपाङ्ग बालबालिकाको शिक्षा, नेत्रहिन संघ काठमाण्डौ
राष्ट्रिय अपांग महासंघ(२०६८), *रुपान्तरण:* मासिक पत्रिका, वर्ष ३, अंक ३, भृकुटि मण्डप, काठमाणडौं।
राष्ट्रिय अपांग महासंघ(२०६५), *भएका व्यक्तिहरुको छाया संविधान सभाद्वारा पारित* :प्रतिबेदन,भृकुटि मण्डप, काठमाण्डौं
राष्ट्रिय अपांग महासंघ(२०६५),*अपाङ्गता भएका व्यक्तिहरुको रोजगार सम्बन्धि अध्ययन प्रतिबेदन* २०६५, भृकुटि मण्डप, काठमाण्डौ ।
राष्ट्रि अपांग महासंघ(२०५८),*सृजना:* मासिक पत्रिका, वर्ष ५,अंक १, भृकुटिमण्डप, काठमाण्डौ
श्री ५ को सरकार(२०५४),*अपाङ्ग सेवा राष्ट्रिय निति,* २०५३, संशोधन सहित, काठमाण्डौं
श्री ५ को सरकार (२०५४),*विशेष शिक्षा निति,* २०५३, पैरवी प्रकाशन, काठमाण्डौ
श्री ५ को सरकार(२०५०),*अपाङ्गता सम्बन्धि विश्वव्यापी कार्ययोजना,* १९८२, कानुन व्यवस्था समिति
श्री ५ को सरकार (२०५८),*अपाङ्गता भएका व्यक्तिहरुको लागि प्रामाणिक नियमहरु,* १९९४
श्री ५ को सरकार (२०५०), *समाज कल्याण ऐन,* २०४९, पैरवी प्रकाशन, काठमाण्डौं ।
श्री ५को सरकार(२०४०),*अपाङ्गसंरक्षण तथा कल्याण ऐन*,२०३९,कानुनमन्त्राय,सिंहदरबार, काठमाण्डौं ।
Kayastha, R. K. (2003), *Socio-economic and Demographic Situation of Disabled People; A study of Disabled People of Sindhupalchok District* .
Prasad, Laxmi Narayan (2003). Status of People with Disability in Nepal, Kathmandu
Steward, Mcnab(2001). A Situation Analysis of Disability in Nepal. Kathmandu: UNICEF
Metts, L. Robert (2000), *Disability Issues, Trends and Recommendations for the World Bank* .
National Federation of Disabled People-Nepal (2008), *Survey Report on Employment Persons with Disabilities*, Kathmandu .

अनुसूचि १

शारिरीक अपांगता भएका बालबालिकाहरुको शिक्षाको लागि राज्यले गरेको प्रयासहरु भन्ने शिर्षकमा एम.एड. तहको शोध कार्यको लागि तयार पारिएको प्रश्नावली ।

नामः........................................ उमेर........ कक्षा........... ठेगाना...........................विद्यालयको नाम....................................

लिङ्ग क) महिला ☐ ख)पुरुष ☐

१) अपाङ्गताको प्रकारः
क) शारीरिक ☐ ख) दृष्टिसम्बन्धि ☐ ग) श्रवण सम्बन्धि ☐ घ) अन्य ☐

२) अपाङ्गता भएका बालबालिकाहरुको लागि नेपाल सरकारले तय गरेका नीति नियमबारे जानकारी छ ?
क) छ ☐ ख) छैन ☐

३) अपाङ्गता सम्बन्धि शैक्षिक नीति अनुसार शिक्षा कस्तो प्रकारको हुनु पर्दछ ?

क) सामान्य ☐ ख) विशेष प्रकारको ☐

४) अपाङ्गता भएका व्यक्तिहरुलाई सक्षम बनाउन के गर्नुपर्दछ ?
क) राम्रो शिक्षा दिनुपर्दछ ☐ ख) तालिम दिनुपर्दछ ☐ ग) अवसर दिनुपर्दछ । ☐

५) अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षामा पहुँच बढाउन के गर्नुपर्दछ ?
क) निःशुल्क शिक्षा दिनुपर्दछ ☐ ख) छात्रबृद्धिको व्यवस्था हुनुपर्दछ । ☐
ग) भौतिक पुर्वाधारको व्यवस्था हुनुपर्दछ ☐

६) तपाईले अध्ययन गरिरहेको विद्यालय अपाङ्गता मैत्री छ ?
क) छ ☐ ख) छैन् ☐

७) अपाङ्गता भएका व्यक्तिलाई कस्तो शिक्षा बढि उपलब्धि मुलक होला ?
क) रोजगार मुलक ☐ ख) साधारण ☐ ग) व्यवसायिक ☐

८) तपाईको विद्यालयमा कुन पक्षमा अपाङ्गता मैत्री बनाइएको छ ?
क) कक्षाकोठा ☐ ख) पानी/धारा ☐ ग) ट्वाइलेट ☐ घ) प्र.अं. कार्यकक्ष ☐

९) अपाङ्गता भएका बालबालिकाहरुलाई राज्यबाट प्रदान गरिएका सुविधाहरु के-के बारे थाहा छ ?
क) निःशुल्क शिक्षा ☐ ख) छात्रबृद्धि ☐ ग) पुरस्कार ☐ घ) शैक्षिक सामाग्री ☐

१०) तपाईलाई भन्न मन लागेका कुराहरु के ही छ ?

अनुसूची २

गैरसरकारी संस्थाका प्रतिनिधिका लागि तयार पारिएको प्रश्नावली

१) अपाङ्गता भएका बालबालिकाहरुको लागि (शिक्षा) नेपाल राज्यले के-के प्रयासहरु गरेको छ ?
क) निःशुल्क शिक्षा ☐ ख) छात्रबृद्धि ☐ ग) पाठ्यपुस्तक घ) पोषाक ☐

२) अपाङ्गता भएकाहरुको लागि जिवन उपयोगी के हुन् सक्छ ?
क) शिक्षा ☐ ख) तालिम ☐ ग) चेतनाको विकास ☐ घ) अन्य ☐

३) अपाङ्गता सम्बन्धि शैक्षिक नीति बारे जानकारी राख्नु हुन्छ ? यदि राख्नु हुन्छ भने कुन नीति बढि प्रभावकारी देख्नुहुन्छ ?

४) अपाङ्गता भएका व्यक्तिहरुलाई सहज शिक्षा हासिल गर्न के कुरा अवरोध देन्नुहुन्छ ?
क) शैक्षिक नीतिमा सुधार ☐ ख) कार्यान्वयन नहुनु ☐ ग) भौतिक संरचना अनुकुल नहुनु ☐
घ) चेतनाको कमि ☐

५) अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षामा के के सुविधा उपलब्ध छ ?
क) निःशुल्क शिक्षा ☐ ख) शैक्षिक सामाग्री ☐ ग) छात्रबृद्धि ☐ घ) अन्य ☐

६) अपाङ्गता अनुकुलको शैक्षिक वातावरण बनाउन के गर्नुपर्ला ?
क) नीति बनाउने ☐ ख) अनुगमन गर्ने ☐ ग) कारवाहि गर्ने ☐ घ) चेतना फैलाउने ☐

७) किन अपाङ्गता भएका बालबालिकाहरुले शिक्षा सजिलै प्राप्त गर्न सक्दैनन् ?
क) भौतिक पुर्वाधार अपाङ्गता मैत्री नभएर ☐ ख) गरिबीको कारण ☐ ग) शिक्षाको महत्व नबुझेर ☐ घ) अन्य ☐

८) CRPD बारे जानकारी छ ?
क) छ ☐ ख) छैन ☐

९) तपाईको विचार भए दिनुहोला
.....................................................................................

अनुचूची ३:

लच्छीत  समुहका लागि तयार पारिएको प्रश्नावली

१) अपाङ्गता भएका विद्यार्थीहरुलाई शिक्षामा आकर्षण गर्न के गर्नुपर्दछ ?

क) छात्रबृत्ति ☐ ख) निःशुल्क बृत्ति ☐ ग) सुविधा ☐ घ) अन्य ☐

२) अपाङ्गता भएका लागि के के सुविधाहरु उपलब्ध छन्  ?
..........................................................................................

३) अपाङ्गता  अनुकुल शैक्षिक वातावरण तय गर्न के-के समस्या देख्नुहुन्छ ?
क) नीतिगत समस्या ☐ ख) कार्यान्वयनमा समस्या ☐ ग) चेतनाको कमी ☐

४) भौतिक पुर्वाधार भन्नाले कुन-कुन पक्षहरु भन्ने बुझ्नु हुन्छ ?
क) अपाङ्गता मैत्री भवन ☐ ख) अपाङ्गता मैत्री पानी/धारा/ट्वाइलेट ☐ ग)अपाङ्गता मैत्री खेलकुद मैदान ☐ घ) अपांगता मैत्री पुस्तकालय ☐ ङ) प्र.अ.को कार्यकक्ष ☐
च) माथीका सौ ☐

५) अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाको लागि राज्यले चालेका शैक्षिक नीतिले अपांगता भएकाको लागि पोत्साहन गर्छ  ?

क) गर्छ ☐ ख) गर्दैन ☐

अनुसूची ४

विद्यालय अवलोकन फारम

विद्यालयको नामः.............................................................प्र.अ.को नाम....................................

ठेगाना :.............................................विद्यार्थी संख्याः...................... शिक्षक संख्याः-.....................

१) अपाङ्गता अनुकुल भवन छ /छैन ।

२) अपाङ्गमैत्री कक्षाकोठा भए/नभएको ।

३) अपाङ्ग मैत्री धारा, शौचालय, खेलमैदान, फर्निचर, प्र.अ.को कार्यकक्ष भए नभएको ।

४) अपाङ्गताको प्रकृति

क) शारिरीक ख) दृष्टि सम्बन्धि ग) श्रवण सम्बन्धि घ) अन्य

५) अपाङ्ग मैत्री शैक्षिक सामाग्री (Audio, Visual, Golve, Map, Chart) इत्यादी उपलब्ध रहे/नरहेको ।

६) अपाङ्गता अनुकुलको खेलकुद र खेल सामाग्री रहे/नरहेको ।

७) विद्यालयमा रहेका सामाग्री/फर्निचर को विवरण

| क.सं. | सामाग्रीहरु | संख्या |
|---|---|---|
| १. | ग्लोब, नक्सा, ............. | |
| २. | दराज, Audio Cassette | |
| ३. | Computer, Projector, Printer, Photocopy machine | |

८) खेलकुद सामाग्रीहरु फुटबल, भलिवल, चेस, क्यारमबोर्ड, लुडो, इत्यादि भए/नभएको ।

९) पुस्तकालय भए/नभएको (अपांग मैत्री)

१०) पुस्तकको संख्या अन्दाजी..................

११) पत्रपत्रिकाहरु जस्तो गोरखापत्र, कान्तिपूर, हिमालय टाइम्स,............

१२) शिक्षक, विद्यार्थी, छात्र, छात्रा, कर्मचारीको संख्या ..........

१३) विद्यालयमा दरबन्दि संख्या......... १४) शिक्षक सबै तालिम प्राप्त छन् / छैनन् ..............